लेखापरीक्षण प्रतिवेदन

महाकाली नगरपालिका, दार्चुला

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

महाकाली नगरपालिका, दार्चुला

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83
च.न :DRAFT/FAR/2081-82/LOC/708

मिति : २०८३-१-२४

श्रीमान् नगर प्रमुखज्यू,
महाकाली नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, खलंगा, दार्चुला ।

विषय-लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी मिति २०८२।०७।१३ मा प्रारम्भिक प्रतिवेदन जारी भइसकेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेहोराउपर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ अनुसार प्राप्त प्रतिक्रिया उपरको कारबाही टुङ्गो लगाई सो पश्चात् कायम रहेका बेहोरा समावेश गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदनको मस्यौदा यसैसाथ संलग्न छ । त्यस कार्यालयबाट प्राप्त प्रतिक्रिया उपर सम्परीक्षणको कारबाही भई लगत कट्टा भइसकेका कुनै बेहारा यस लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वा कुनै अंकगणीतीय त्रुटि देखिएमा सो सम्बन्धी बेहोरा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) भित्रको Auditee File ट्याबमा ३ (तीन) दिनभित्र अपलोड गरी जानकारी गराउनुहुन अनुरोध छ। सो पश्चात् यो लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरिने बेहोरा जानकारी गराइन्छ ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२४
च.न :DRAFT/FAR/2081-82/LOC/708

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् नगर प्रमुखज्यू ,

महाकाली नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, खलंगा, दार्चुला ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१.कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२.कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतकाकारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्ययतर्फको रू.६४ करोड ९० लाख ५९ हजारको लेखापरीक्षणबाट रु.१ करोड १३ लाख ५४ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.१४ लाख ५३ हजार समपरिक्षण भई असुल गर्नुपर्ने रु.१६ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२६ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.३८ लाख १६ हजार र पेश्की बाँकी रु.१८ लाख ३५ हजार गरी जम्मा रु.९९ लाख १ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.१७ करोड ७४ लाख ३६ हजार र यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजु रु.१८ करोड ७३ लाख ३७ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट

व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४.वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख/ अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७६	१४७	१,१३,५४,५७०	०	७०	१४,५३,३८७	०	७६	७७	९९,०१,१८३	१६,२३,२११	३८,१६,१९४	२६,२७,०७८	०	०	६४,४३,२७२	१८,३४,७००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दार्चुला	१७,७४,३५,६४४	०	०	०	०	९९,०१,१८३	१८,७३,३६,८२७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	३३.१, ३३.२	हालसम्म फस्र्यौट नभएको आ.ले.प. बेरुजु	९,३४९
२	२०८१/८२	४१.१, ४१.३	स्वास्थ्य चौकि भवन	३५,३८९
३	२०८१/८२	९०	सामग्रि वितरण	३,३८,४५०
४	२०८१/८२	४३.१	यूनिसेफ नेपाल	६,६००
५	२०८१/८२	५९	भ्रमण भत्ता	२८,३०५
६	२०८१/८२	९३	बोर्डिङ्ग पास	३०,९००
७	२०८१/८२	९९	बैठक भत्ता	१२,७५०
८	२०८१/८२	३७	बीमाबापतको बढी भुक्तानी	८,५६०

९	२०८१/८२	३८	बिलबिजक भन्दा बढी भुक्तानी	१२,८०७
१०	२०८१/८२	५८	बढी भुक्तानी	९,९५६
११	२०८१/८२	६६.२	पोषण सुधारका लागि आयआर्जन अनुदान	७,००,०००
१२	२०८१/८२	८२	पाठ्यपुस्तक अनुदान	९३,३००
१३	२०८१/८२	५०.२, ५०.३	नापजाँच र भुक्तानी	४६,२४६
१४	२०८१/८२	९८	दोहोरो भुक्तानी	२,५५०
१५	२०८१/८२	७६	जुनेटिक रोगहरु र एयमआर सम्बन्धी अभिमुखीकरण	१०,०००
१६	२०८१/८२	४८	गुणस्तर	२३,२०५
१७	२०८१/८२	६०	कार्यापालिका बैठक	८,५००
१८	२०८१/८२	६८	अतिथि सत्कार	७६,५२०
जम्मा				**१४,५३,३८७**

महाकाली नगरपालिका, दार्चुला

(८०७७३४०१३००)

महाकाली नगरपालिका , दार्चुला

परिचय

१ .

(क) कार्यालय परिचय :-संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्वेश्य छ ।यस महाकाली नगरपालिकाको कुल १३५.११ वर्ग कि.मी. क्षेत्रफल सहित ९ वडा वाट २४,०८१ जनसंख्याका लागी सेवा प्रवाह गर्दै आएको छ ।

(ख) लेखापरीक्षणको उद्वेश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१७ देखि २०८२।५।२० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको अन्य कारोबारतर्फ रू.६४ करोड ९० लाख ५९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४६२२७७ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	मालिकार्जुन मा.वि., धापमा ४ जना शिक्षकहरुलाई प्राविधिक भत्ताबापत बढी निकासा भएको रु.२४००० मिति २०८२।५।२३ मा राष्ट्रिय वाणिज्य बैंकको भौचर नं.८६६४७१२३ मार्फत बेरुजु खातामा दाखिला भएको छ।	२४०००
२	राष्ट्रिय मा.वि., दत्तुलाई पाठ्यपुस्तकतर्फ बढी निकासा भएको रकम रु.१०३१० मिति २०८२।५।२२ मा राष्ट्रिय वाणिज्य बैंकको भौचर नं ८६५५९३६४ मार्फत बेरुजु खातामा दाखिला भएको छ।	१०३१०
३	मालिकार्जुन मा.वि., निसिललाई पाठ्यपुस्तकतर्फ बढी निकासा भएको रकम रु.१०२८७ मिति २०८२।५।२२ मा राष्ट्रिय वाणिज्य बैंकको भौचर नं ८६५५८५४५ मार्फत बेरुजु खातामा दाखिला भएको छ।	१०२७८
४	महेन्द्र मा.वि.लाई शिक्षकको तलबभत्तामा बढी निकासा भएको रकम रु.११६२८७ मिति २०८२।५।२० मा राष्ट्रिय वाणिज्य बैंकको भौचर नं ८६५१३१२३ मार्फत बेरुजु खातामा दाखिला भएको छ।	११६२८७
५	असिगडा आ.वि., असिगडाले बढी निकासा भएको रु.२२६४५ मिति २०८२।५।२० मा राष्ट्रिय वाणिज्य बैंकको भौचर नं ८६५०१९१२ मार्फत बेरुजु खातामा दाखिला भएको छ।	२२६४५
६	हुनैनाथ मा.वि., बाजलाई मा.वि. शिक्षण सहयोग अनुदानतर्फ बढी निकासा भएको रु.२४७५७ मिति २०८२।५।३२ मा राष्ट्रिय वाणिज्य बैंकको भौचर नं ८६७८४४८७ मार्फत बेरुजु खातामा दाखिला भएको छ।	२४७५७
7	समैजी आ.वि., मानाकोटलाई वार्षिक एकमुष्ट अनुदान गएकोमा बालविकास सहजकर्ता र विद्यालय सहयोगीको थप भुक्तानी भएको रु.२५४००० मिति २०८२।६।५ मा राष्ट्रिय वाणिज्य बैकको भौचर नं.८६९२९२१३ मार्फत बेरुजु खातामा दाखिला भएको छ।	२५४०००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।८।२० मा नेपालसरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्नेमा सो बमोजिमको वित्तिय विवरण तयार गरी पेश गरेको छैन। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)सम्बन्धमा निम्नअनुसार देखिएको छः .

२.१ पालिकाको एकिकृत वित्तीय विवरण यस निम्ना अनुसार रहेको छ ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
शुरु मौज्दात		१,९२,८३,१२४	**चालु खर्च**		४२,५९,७४,१४०.८६
१.संचित कोष	३८,०६,६२५		१. पालिका तर्फ	१७,३७,२१,८७७	
२.धरौटी	१,१३,०१,६८६		२. संघीय सशर्त	२४,४५,६४,६१६	
३.कार्यसञ्चालन कोष	३२,८२,४६३		३. संघीय विशेष	०	
४. अन्य कोष	८,९२,३५०		४. प्रदेश सशर्त	१,०६,३७०	
यस वर्षको आय			५. प्रदेश विशेष	७५,८१,२७८	
१.आन्तरिक आय	९२,५९,२८५	९२,५९,२८५	**पुँजीगत खर्च**		६,८४,४८,८५४.००
२. वित्तीय हस्तान्तरण (संघ)		४९,०८,६१,६०४	१. पालिका तर्फ	४,७३,९१,७३९	
क) समानीकरण अनुदान	११,८७,३७,४४०		२. संघीय सशर्त	२७,५९,५४६	
ख) राजस्व बाँडफाँट	८,१८,३४,८३८		३. संघीय विशेष	०	
ग) सशर्त अनुदान	२८,३१,३९,०००		४. संघीय समपुरक	७१,२६,५९३	
घ) समपुरक अनुदान	७१,५०,३२६		५. प्रदेश सशर्त	५३,३०,१११	
ङ) विशेष अनुदान	०		६. प्रदेश विशेष	०	
च) रोयल्टी	०		७. प्रदेश समपुरक	५८,४०,८६५	
छ) अन्य	०		**अन्तर सरकारी अख्तियारी (संघ)**		८,१४,०३,५८७
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३,५२,३३,१९१	क) सामाजिक सुरक्षा	८,१४,०३,५८७	
क) समानीकरण अनुदान	१,२२,५७,०००		ख) गरिबसँग विशेश्वर कार्यक्रम		
ख) राजस्व बाँडफाँट	२०,९३,०३७		....		
ग) सशर्त अनुदान	७३,५०,०००		**अन्तर सरकारी अख्तियारी (प्रदेश)**	०	०
घ) समपुरक अनुदान	५८,४४,५६४		**ऋण फिर्ता(साँवा)**	०	०
ङ) विशेष अनुदान	७६,८८,५९०		**ऋणको ब्याज भुक्तानी**	०	०
च) रोयल्टी	०		**धरौटी फिर्ता तथा सदरस्याहा**	५४,६१,६१४	५४,६१,६१४
छ) अन्य	०		**कार्यसञ्चालन कोषबाट भएको खर्च**	३,७६,१९२	३,७६,१९२
४. अन्तर सरकारी अख्तियारी (संघ)		८,१४,०३,५८७	**अन्य कोषबाट भएको खर्च**	७१,८३,३८२	७१,८३,३८२
क) सामाजिक सुरक्षा	८,१४,०३,५८७		**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**	०	०
ख) गरिबसँग विशेश्वर कार्यक्रम	०		**अन्य सहयोगमा सञ्चालित योजना**	०	०
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०	०	**अनुदान फिर्ता**		३,७८,६३,१०१.५०
६. ऋण/ वित्तीय व्यवस्था		०	१. संघ तर्फ	३,५८,३८,५७२	
७. धरौटी आय	३६,६०,८८७	३६,६०,८८७	क) सशर्त अनुदान	३,५८,१४,८३९	
८. कार्यसञ्चालन कोष आय	१२,७७,७३४	१२,७७,७३४	ख) विशेष अनुदान	०	
९. अन्य कोषको आय	८०,८०,००५	८०,८०,००५	ग) समपुरक अनुदान	२३,७३३	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	०	२. प्रदेश तर्फ	२०,२४,५३०	

११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०	०	क) सशर्त अनुदान	१९,१३,५१९	
१२. अन्य आय भएमा	०	०	ख) विशेष अनुदान	१,०७,३१२	
			ग) समपुरक अनुदान	३,६९९	
			अन्तिम मौज्दात		२,२३,४८,५४५.४१
			१. संचित कोषको मौज्दात	६८,७४,६०८.२६	
			२. धरौटी	९५,००,९५८.८४	
			३. कार्यसञ्चालनकोष	४१,८४,००५.००	
			४. अन्यकोष	१७,८८,९७३.३१	
जम्मा		६४,९०,५९,४१६.७७	**जम्मा**		६४,९०,५९,४१६.७७

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२70) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय यस वर्षको प्राप्ति रु.१२३०२६०२९। र यस वर्षको भुक्तानी रु.१३२२८७८७७। फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	४९,७४,९०,९७८।-	४९,४४,२२,९९४।-
एकीकृत आर्थिक विवरणअनुसार	६२,०५,१७,००७।-	६२,६७,१०,८७१।-
फरक	१२३०२६०२९।-	१३२२८७८७७।-

२.३ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. 81403587।- सुत्रमा लेखाङ्कन गरेको छैन भने सुत्रको २७० अनुसुची १ को विवरणमा कोष, धरौटी थपघट तर्फ समायोजन मात्र भएको छ । जसले गर्दा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ स्थानीयतहमा रहेका कोष तथा धरौटी को आम्दानी खर्चको विवरण निम्ना अनुसार रहेको छ ।

त	कोष हिसाबको नाम	शुरु मौज्दात	प्राप्ति	भुक्तानी	बाँकी
१	२	३	४	५	६
ग ३.१	स्थानीय तह धरौटी खाता	१,१३,०१,६८५.८४	३६,६०,८८७.००	५४,६१,६१४.००	९५,००,९५८.८४
ग २.७	विविध खर्च खाता	७,६२,७८१.४८	८०,८०,००४.८३	७०,५६,४१२.००	१७,८६,३७४.३१
ग ५.१	स्थानीय तह विविध कोष खाता	३२,८२,४६३.००	१२,७७,७३४.००	३,७६,१९२.००	४१,८४,००५.००
ग ७.२	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१,२९,५६९.००	०	१,२६,९७०.००	२,५९९.००
जम्मा		१,५४,७६,४९९.३२	१,३०,१८,६२५.८३	१,३०,२१,१८८.००	१,५४,७३,९३७.१५

३ **बजेट तर्जुमा र कार्यक्रम**

(क) बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाका उपप्रमुखले मिति २०८१।३।१० गते रु ५८ करोड ८६ लाख १४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८१।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

(ख) बजेट सीमा निर्धारण समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

(ग) बजेट तथा कार्यक्रम तर्जुमा - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

(घ) योजना छनोट र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत वार्षिक नगर विकास योजना २०८१।८२ को अध्ययन गर्दा पालिकालेस्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागतप्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस वर्ष सञ्चालन गरेका योजना देहाय अनुसार छन् ।

क्र.सं.	विवरण	योजनासंख्या	रकम
१	रु ५०हजार भन्दा कमको योजना	२३	३८७०००
२	रु ५० हजार भन्दा बढि लाख सम्मको योजना	१०	६७५२९१
३	रु १लाख देखि पाँच लाख सम्मका योजना	४८	९२७६९३०
४	रु ५लाखदेखि १० लाख सम्मका योजना	१९	१०७७३८०८
५	रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना	१६	२२०१४९४४
६	रु.५० लाख भन्दा माथीका	५	२८९९८७८३
	जम्मा	**१२१**	**७२१२६७५६**

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष ५० हजार मुनि देखि १० लाख माथिका समेत जम्मा १२१ वटा योजना सञ्चालन गरेकोमा रू. ५ लाख भन्दा मुनिका मात्र १८१ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू सञ्चालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनुपर्दछ ।

४ **(क)प्रगति प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । तोकिएको ढाँचामा बार्षिक प्रगति विवरण तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

(ख) बेरुजु लगत - बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये प्राधिकरणसँग सम्बन्धितम. ले. प. फाराम ८०१बेरुजु लगत म. ले. प. फाराम ८०२बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमासुधार हुनु पर्दछ ।

(ग) म.ले.प. फारमहरूको प्रयोग - साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख सवारी साधन तथा मेशिन प्रयोगको लगबुक रसिद नियन्त्रण खाता भ्रमण प्रतिवेदन कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरू आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

(घ) सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

(ङ)सार्वजनिक सम्पत्तिको रेखदेख - सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

(च) सम्पत्ति व्यवस्थापन र सुरक्षा - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामानको अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा

मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार पारी प्रतिवेदन गर्नुपर्दछ कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनुपर्दछ ।

(छ) सवारी साधन र मेशिनरीको मर्मत अभिलेख - सवारी साधन र मेशिनरी सञ्चालनको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नुपर्ने र म.ले.प. फाराम ९०६ बमोजिमत्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेखअध्यवधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यवधिक गरी राखेको छैन । म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्वति लागु गर्नु पर्दछ ।

(ज) स्थानीय तथ्यांक अभिलेख तथा स्रोत नक्सांकन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेकोदेखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमापहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

५

५.१ **सम्भाव्यता अध्ययन/डी.पी.आर** - सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले यो वर्ष निम्न २ डी.पी.आर. अध्ययन कार्यमा रु. ३४,५०,०९८।- खर्च गरेको छ। यसरी अध्ययन कार्य गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस बर्ष प्राप्त भएको सडक निर्माण कार्यको प्रतिवेदन कार्यान्वियनमा गएको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्ना अनुसार रहेको छन् ।

कामको विवरण	परामर्शदाता	परामर्शको लागत अनुमन	परामर्शमा खर्च	आयोजनाको लागत
प्रशासनिक भवनको DPR	**OM Consutancy**	५०००००	४९५४९९	१०९६३९३७८
औद्यौगिक ग्रामको DPR	**Everst Engineering**	४९९९०९	४९९५९९	१२७८७०९४८
बिरेन्द्र वनको DPR	**PlatForm Enginering**	२५००००	२०००००	
लास्कु खोला झोपु DPR	**Dhami Engineering**	२५८०००	२५८०००	
भुउपयोग वर्गिकरण	**OM Consutancy**	१९९७०००	१९९७०००	
	जम्मा	**३५०५०००।-**	**३४५००९८।-**	

(क) प्रशासनिक भवन र औद्यौगिक ग्रामको डी.पि.आर तयार वापत यस बर्ष क्रमश रु ४९५४९९ र ४९९५९९ खर्च गरेकोमा दुबै निर्माण कार्यका लागी पालिकाको जग्गा नभएको कारण **परामर्शदातावाट कस्को स्वामित्वमा** भएको जग्गामा सार्वजनिक संरचना बन्ने भनि डी.पी.आर तयार भएको सो अवस्था खुल्ने कागजात परामर्शदाताको प्रतिवेदन तथा सम्झौतामा समेत खुल्दैन ।यसै गरी सम्झौताको शर्तमा भुस्वामित्व सम्बन्धी प्रतिवेदन समेत दिनु पर्ने उल्लेख भएकोमा यस्तो प्रतिवेदन पेश भएको छैन ।

(ख) धामी ईन्जिनियरीङ्ग द्वारा तयारी गरी पालिकावाट तयारी खर्च रु २५८७०० भुक्तानी भएको लास्कु खोला झो.पु निर्माण कार्य सुदुरपश्चिम प्रदेश सरकार यातायात पुर्वाधार कार्यालय राजपुर डोटिवाट योजना संचालन हुने भनि उक्त कार्यालयमा पठाएको कारण डी.पी.आर प्रतिवेदन लेखापरीक्षणमा पेश भएन । डी.पी.आर तयारी कार्य दोहोरो नहुने गरी गर्नु पर्दछ ।

(ग) परामर्शदाता हरुको सम्झौतामा एपेन्डिक्स बि(B) मा मुख्य बिज्ञको नामा समावेश नगरेको तथा नाम समावेश भएकोमा समेत सम्बन्धित बिज्ञवाट कार्य भएको खुल्ने अभिलेख राखेको पाईन ।

५.२ औद्यगिक ग्रामको डी.पी.आरका लागी स्विकृत भएको कार्यक्षेत्रगत शर्त अनुसार २५ दिन भित्र प्रतिवेदन दिनु पर्ने गरी स्विकृत भएको छ। तर लागत अनुमान तयार गर्दा टोलि प्रमुखका लागी १ महिनाका लागी रु. ९८८९० समेतको लागत अनुमान तयार भई सोहि बमोजिम सम्झौता तथा भुक्तानी भएको छ । कार्यक्षेत्रगत शर्त भन्दा बढि अवधिको सम्झौता गरी भुक्तानी गरेको ५ दिनको रु.१६४८१।- एभरेस्ट कन्सन्टेन्सीवाट असुल गर्नु पर्ने रु.

क्रम	कर्मचारीको नाम	असुली रकम
५.२.१	एभरेस्ट कन्सन्टेन्सी	१६,४८१

असुल गर्नुपर्ने	१६,४८१

५.३ पालिकाले भूउपयोग क्षेत्र बर्गीकरण कार्यक्रमको लागि रू. १९९५०००।– मा ओम कन्सल्टेन्टसँग २०८० चैत मसान्त भित्र कार्यसम्पन्न गर्ने गरी २०८० जेठ ८ गते सम्झौता भएको छ । तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेकोले पालिकाको २०८१।१।१८ को निर्णय अनुसार २०८१ असार मसान्त सम्म म्याद थप गरेकोमा उक्त समयमा समेत कार्य नगरेकोले पुन २०८२।३।३० सम्म म्याद थप गरेको छ । कार्यालयवाट स्विकृत कार्यक्षेत्रगत शर्तमा रहेको Identification of Low Risk for residential area, शहरी विस्तारको सम्भावना अध्ययन कार्य गराएको पाईएन । लागत अनुमान तथा परामर्शदाताको प्रस्तावनामा समेत उक्त कार्यका लागी छुटै बजेट नछुटाएकोले कति रकमको कार्य नभएको हो यकिन गर्न सकिएन ।सम्झौता तथा कार्यक्षेत्रगत शर्त बमोजिम कार्य नगर्ने परामर्श दातालाई सार्बजनिक खरिद नियमावलीको नियम १२१ बमोजिम ०.०५% ले हुने सम्झौता अंकको अधिकतम १० प्रतिशत रकम रु १७६५४८ सम्बन्धित परामर्श दातावाट असुल गर्नुपर्ने रु.

क्रम	कर्मचारीको नाम	असुली रकम
५.३.१	ओम कन्सल्टेन्ट	१७६,५४८

असुल गर्नुपर्ने	१,७६,५४८

६ **नगर युवा परिषद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने तथा योजना बनाउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनहरूको सूची सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याकंनको योजना समेत तयार गरी सरोकारवालाहरूको अधिकतम सहभागितामा बनाउने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरीमितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले महाकाली नगर युवा परिषद गठन गरी निम्न व्यक्तिहरूलाई नियुक्ती दिई विकासका लागि प्राप्त समानीकरण अनुदानबाट मासिक सुविधा प्रदान गर्ने गरेको पाइयो । कुल खर्चमा आन्तरिक आयको हिस्सा न्यून रहेको तथा उक्त कार्य गर्न पालिकामा छुट्टै शाखा तथा कर्मचारीहरू भएको र गैर नाफामुलक संस्थालाई सामाजिक कार्यका लागि थप प्रशासनिक खर्च बढ्ने गरी भुक्तानी दिने निर्णय गर्नु उपयुक्त तथा औचित्यपूर्ण देखिदैन। पालिकाले उल्लिखित परिषदका पदाधिकारीहरू लाई रु ७६७६००।- भुक्तानी गरेकोले रकम थप व्ययभार भएको, गुणात्मक प्रतिफलका हिसाबले उपयुक्त नभएको तथा विकास बजेटबाट खर्च गर्न नमिल्ने भनि गत विगतको प्रतिवेदनमा समेत औल्याएकोमा सुधार नगरी भुक्तानी गरेको असुल गर्नु पर्ने देखिएको रु

नामथर	पद	मासिक सुविधा	कुल भुक्तानी
श्री लोक विक्रम सामन्त	नगर युवा परिषद अध्यक्ष	२४५००	२९४०००
श्री अमर सिंह बोहरा	नगर युवा परिषद उपाध्यक्ष	१४३००	१७१६००
श्री लक्ष्मी महरा	नगर युवा परिषद सदस्य	१२०००	१४४०००
श्री खगेन्द्र नगारी	नगर युवा परिषद सदस्य	१२०००	१४०००
श्री बिनोद सिह रैखोला	नगर युवा परिषद सदस्य	१२०००	१४४०००
			७६७६००

असुल गर्नुपर्ने	७,६७,६००

७ **(क) त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम१६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु ६ करोड ८४ लाख ४८ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा ५१ लाख ६१ हजार अर्थात ७.५४ प्रतिशत दोस्रो त्रैमासिकमा १ करोड १२ लाख ९९ हजार अर्थात १६.५१ प्रतिशत तेस्रो त्रैमासिकमा रु.१ करोड ३१ लाख २६ हजार अर्थात १९.२० प्रतिशत र चौथो त्रैमासिकमा रु. ३ करोड ८८ लाख ६० हजारअर्थात ५६.७७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. २ करोड २८ लाख ९२ हजारअर्थात ३३.४५प्रतिशत खर्च भएको छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनु पर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	बजेट	कुल खर्च		त्रैमासिकखर्च (रु.)			आषाढ महिनाकोमात्र खर्च
				प्रथम त्रैमासिक	दोस्रोत्रैमासिक	तेसोत्रैमासिक	चौथो त्रैमासिक	
1	कूलखर्च	**९४९३१६१३**	६८४४८८५४	५१६१९०८	११२९९९१८	१३१२६१०९	३८८६०९१९	२२८९२९५४
	खर्चप्रतिशत		**७२.१०**	**७.५४**	**१६.५१**	**१९.२०**	**५६.७७**	**३३.४५**

(ख)खर्च बिश्लेषण - पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ९२ लाख ५९ हजार, गत वर्षको मौज्दात रू१करोड ९२ लाख ८३ हजार राजस्व बाँडफाँट रू. ८ करोड १८ लाख ३४ हजार, अनुदानबाट रु ५२ करोड ६० लाख ९४ हजार, अन्तर सरकारी अख्तियारीबाट रू. ८ करोड १४ लाख ३ हजार, विविध आय रू.३ करोड १८ लाख ४८ हजार समेत रू. ६४ करोड ९० लाख ५९ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ४२ करोड ५९ लाख ७४ हजार र पूँजीगत तर्फ रु. ६ करोड ८४ लाख ४८ हजार समेत रु. र अन्य खर्च रु १३ करोड ८७ लाख २२ हजार समेत रु ६२ करोड ६७ लाख १० हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा १.४८ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रू. ९१ लाख ५२ हजार खर्च भएको छ जुन आन्तरिक आयको ९८.५८ प्रतिशत रहेको रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ८९.०८ प्रतिशत चालु र १०.९२ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

(ग) क्षेत्रगत बजेट र खर्चको स्थिति - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्यक्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	१६८२२०००	१३७०६३००	२.७७
सामाजिक क्षेत्र	१८१६०४८३५	१४७९२७५१२	२९.९२
पूर्वाधार विकास क्षेत्र	७९९५६६०२	५५३१२७८९	११.१९
वातावरण तथा विपद् व्यवस्थापन	३३५००००	२४३८३१९	०.४९
संस्थागत विकास र सेवा प्रवाह	७२७००००	६८५१९९०	१.३९
वित्तीय व्यवस्थापन र सुशासन	७२५०००	४९९७३९	०.१०
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	२९८८८६१८८	२६७६८६३४६	५४.१४
जम्मा	**५८८६१४६२५**	**४९४४२२९९५**	**१००.००**

पालिकावाट सबै भन्दा बढी कार्यसंचालन तथा प्रशासनिक क्षेत्रमा ५४।१४ प्रतिशत र वित्तीय व्यवस्थापन र शुसासनमा सबै भन्दा घटि ०।१ प्रतिशत खर्च गरेको पाईयो । सबै क्षेत्रहरुमा आवस्यकता बमोजिम बजेट बिनीयोजन तथा खर्च गर्नु पर्दछ ।

(घ) बार्षिक खरिद योजना/गुरुयोजना - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ४ करोड ८४ लाख ४८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

८ **समानिकरण अनुदानबाट शिक्षकको तलब**

-अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ४२ बिद्यालयका ४६ शिक्षलाई वित्तीय समानीकरण अनुदानबाट रु. १२५११५६८ ।- तलब भत्ता भुक्तानी गरेको छ ।

९ **बिबिध खर्च र आर्थिक साहायता**

(क) आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । तर पालिकाले यस वर्ष२२ जनालाई रु. ५ लाख २६ हजार आर्थिक सहायता वितरण गरेका छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

(ख) विविध खर्च - महालेखा नियन्त्रक कार्यालयद्वारा प्रकाशित एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या २०७४ अनुसार खर्च संकेत नं. २२७११ विविध खर्च शीर्षकबाट वार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरू सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शीर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको विविध खर्च शीर्षकमा रु.२६९७०० ।- बजेट व्यवस्था गरेकोमा रु २५७७१२५।- खर्च गरेको छ । खर्च संकेतको बर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चको पुष्टि हुने कागजात तथा उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ ।औचित्य पुष्टि नहुने खर्चलाई

नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरी यस्तो खर्वेमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

१० **घर भाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(११) मा सार्वजनिक निकायले वार्षिक पाँच लाख भन्दा बढी भाडा तिर्नुपर्ने गरी घर भाडामा लिनुपरेमा नियम ९४(४) बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने समितिबाट घर भाडा निर्धारण गर्नुपर्ने व्यवस्था छ । यस जिल्लाबाट कायम भएको जिल्ला दररेट अनुसार गाडी जाने बाटो भएकोमा रु १५।- प्रति वर्ग फिट गाडी जाने बाटो नभएकोमा रु १३।- प्रति वर्गफिट उल्लेख छ । पालिकाले यस वर्ष पालिकाले चालु शीर्षकबाट रु ६,८९,०४०।- घर भाडा वापत भुक्तानी गरेको छ । नियममा भएको व्यवस्था बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समितिबाट भाडा निर्धारण गरेको छैन । साथै, कोठाको क्षेत्रफललाई आधार लिई घर भाडा निर्धारण गरेको देखिएन । कानूनमा भएको व्यवस्थाको पूर्णपालना हुनुपर्दछ ।

११ **कानुन तर्जुमा र न्यायिक कार्य**

(क) कानुन तर्जुमा - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन,३ वटा नियमावली, ७५ कार्यविधि, ८७ वटा कानूननिर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

(ख) न्यायिक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाददर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौटवा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १३, यो वर्ष थप भएको ६ वटा समेत १८ वटा मुद्दा रहेकोमा ६ वटा फर्स्यौटभई १२ वटा बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१२ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था ५८ वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट देहाय अनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

नागरिकतासिफारिस	५५१
घरबाटो सिफारिस	६५
नाता प्रमाणित	११९
जन्म मृत्यु विवाह वसाइ सराई सम्वन्ध विच्छेद दर्ता	८४२
अन्य सिफारिस	३५०५

१३ **संगठन ब्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई ११ औ नगरसभाबाट उक्त प्रतिवेदन पारित गरेको देखिन्छ । पारित प्रतिवेदन अनुसार प्रस्तावित दरबन्दी स्थायी तर्फ वडा तहसम्म विभिन्न पदमा ८३ र करार तर्फ विभिन्न पदमा

९८ गरी कुल १८१ रहेको देखिन्छ । स्वीकृत दरबन्दी मध्ये लेखापरीक्षण अवधि सम्म ३९ जना स्थायी र १६९ सेवा करार पदपूर्ती भएको देखिन्छ ।पालिकाले यो वर्ष तलबभत्तामा रु २,९१,४६,९८० ।- र करार सेवा शुल्कबाट रु. १,३९,३६,२६५ ।- खर्च गरेको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा स्थानीय तहको राजस्व क्षमतालाई खासै ध्यान दिएको देखिएन । आन्तरिक आय कमजोर रहेको पालिकाले आफ्नो आयको करिव ५ गुना बढी तलब भत्तामा खर्च हुने गरी कर्मचारी राख्नु उचित देखिएन

१४ **ठेक्का व्यवस्थापन**

(क) ठेक्का अभिलेख -सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

(ख) **कन्टिजेन्सी अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दालागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र खर्चगर्दा वर्क चार्ज र स्टाफ खर्चमा २ प्रतिशत र अन्य साना तिना खर्च २ प्रतिशत खर्चगर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविध स्वीकृत गराईगर्नुपर्दछ।कटेन्जेन्सी रकम योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक आयोजनाकोखर्च (मु.अ.करबाहेक) बाट छुटयाउनुपर्ने र कार्यक्रम स्वीकृतगरी वर्क स्टाफ चार्जमा २ प्रतिशत र अन्य सानातिना कार्यमा २ प्रतिशतको सीमाभित्रआवश्यकता अनुसार कन्टिजेन्सी खर्चको व्यवस्थित अभिलेखराख्नुपर्ने उल्लेख छ । कार्यालयवाट विभिन्न निर्माण कार्यमा कट्टा गरी रु.१३,३१,४८८।- खर्च गरेकोमा यस्तो खर्च गर्दा वर्क स्टाफ र अन्य सानातिना कार्यमा भएको अभिलेख राखेको छैन ।तसर्थ, नियमानुसार कन्टिजेन्सी खर्चको अभिलेख राखी कन्टिजेन्सी खर्च मितव्ययी तथा प्रभावकारीतवरले खर्च गर्नुपर्दछ ।

१५ **औषधि खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, व्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।तर स्थानीय तहले रु.२४ लाख २ हजारका औषधि सोझै खरिद गरेको छ ।यस सम्बन्धी देखिएका व्यहोराहरू निम्नानुसार छनः

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधि एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमायकीनगर्न सकिएन ।
- औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।
- पालिकाले आयात गरेको औषधिको स्पेसिफिकेसन अनुसार दाखिला गरेको तथा ईन्सफेक्सन समेत नगरी बुझेकोले तोकेको गुणस्तरका औषधि आए नआएको नखुलेको।

- खरिद गरिएको औषधिमा निःशुल्क वितरणको लागि उल्लेख नभएको
- केही औषधिहरूको भौतिक परीक्षण गर्दा ५ महिना मात्र म्याद भएका औषधि पनि खरिद गरेको र अन्य निकायबाट प्राप्त भएको औषधिको अभिलेख समेत व्यवस्थित गरी राखेको देखिएन ।

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१६ **उपभोक्ता परीचालन**

(क) योजना फरफारक - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने, नियम ९७(७) अनुसार प्रत्येक किस्ताको खर्चको विवरण सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । नियम ९७(१२) अनुसार योजना रेखदेख र मर्मत संभारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई योजना हस्तान्तरण हुनुपर्ने समेत व्यवस्था छ । कार्यालयले यस बर्ष ४० उपभोक्ता समितिहरु वाट रु १,१३,००,०००।-लागतका योजना संचालन गरेकोमा नियमावलीमा व्यवस्था भए अनुसार खर्च सार्वजनिकीकरण तथा सामाजिक परीक्षण गराएको देखिएन साथै योजनाको मर्मत संभार र रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिहरूलाई योजना हस्तान्तरण भएको देखिएन । नियमको पालना हुनुपर्दछ।

(ख) उपभोक्ताबाट भएको कामको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा प्राविधिकले योजनाको ज्याल सामाग्री नछुट्याएको, उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको पाइएकोले निर्धारित नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन। आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन ।

१७ **शिक्षक दरबन्दि र पदपुर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४२ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्येकरार	विद्यार्थीसंख्या	सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्येकरार	विद्यार्थीसंख्या
१	श्रीमहेन्द्र मा.वि. खलंगा	३९	३९	९	२३१९	२२	श्रीनवयुवक आ.वि. धम्पनेरा	३	३	०	१७
२	श्रीमालिकार्जुन मा.वि. धाप	२५	२४	११	४८१	२३	श्रीभुवनेश्वरी आ.वि. पण्डोरा	२	२	०	१२
३	श्रीमालिकार्जुन मा.वि. निसिल	७	७	१	१२०	२४	श्रीजगन्नाथ आ.वि. धौलीगाड	३	३	०	३५
४	श्रीमालिकार्जुन मा.वि. पौनेखोला	३	३	०	५६	२५	श्रीभगवती आ.वि. काकडा	३	३	०	३०
५	श्रीहुस्कर मा.वि.काटै	१३	१३	२	१७५	२६	श्रीमालिकार्जुन आ.वि. सकार	३	३	०	४४
६	श्रीदुर्गालटिनाथ मा.वि. मैखोली	७	७	३	१५८	२७	श्रीभगवती आ.वि. मसिनी	२	२	०	१४
७	श्रीगडीभवन मा.वि. थाप्ला	६	६	२	६२	२८	श्रीजगन्नाथ आ.वि. गल्फै	४	४	०	८७
८	श्रीआ.वि. बाज	२	२	०	३०	२९	श्रीदुर्गेश्वरी आ.वि. थाम	३	३	१	२४
९	श्रीछापरी आ.वि. छापरी	४	४	०	६९	३०	श्रीभगवती आ.वि. चेटेगडा	२	२	०	११
१०	श्रीजायझुल आ.वि. जायझुल	५	५	२	२३	३१	श्रीउलेनी आ.वि. उलेनी	३	३	१	१७
११	श्रीराष्ट्रिय मा.वि. दत्तु	१५	१५	४	१९६	३२	श्रीभुमिराज आ.वि. मलेरा	२	२	०	१४५
१२	श्रीहिमालय मा.वि. धौकोट	७	७	२	११५	३३	श्रीहुनैनाथ मा.वि. बाज	५	५	२	२३
१३	श्रीअल्कापुरी मा.वि. कोटकौतोली	९	९	२	१३५	३४	श्रीटोपिनाथ आ.वि. दह	१	१	०	१५
१४	श्रीअसीगडा आ.वि. असीगडा	५	५	०	९३	३५	श्रीलटीनाथ आ.वि. थालिगाड	४	४	१	४५
१५	श्रीदशरथनगर आ.वि. दशरथनगर	४	४	१	१५	३६	श्रीसरस्वती आ.वि. मुल्ला	२	२	१	३३
१६	श्रीभुमीराज आ.वि. वेत	२	२	०	१०	३७	श्रीकालिंकरी कन्या मा.वि. खलंगा	६	६	५	२५८
१७	श्रीसरस्वती	२	२	०	६	३८	श्रीब्रह्मैकाश्वरी	३	३	१	१८

	आ.वि. श्रीवगड						आ.वि. पण्डोरा				
१८	श्रीज्योति आ.वि. बुढीचौँरा	२	२	०	७	३९	श्रीमालिकार्जुन आ.वि. कोलधार	२	२	०	४
१९	श्रीटोपीनाथ आ.वि. बवा	१	१	०	३	४०	श्रीमालिकार्जुन आ.वि. पलेटा	३	३	१	२०
२०	श्रीहरिनाथ आ.वि. डाँडा	३	३	१	२०	४१	श्रीभवानी आ.वि. कोटधार	१	१	०	१३
२१	श्रीमालिकार्जुन आ.वि. झुस्कु	३	३	०	२२	४२	श्रीसमैजी आ.वि. मानाकोट	०	०	०	१७
जम्मा								**२२१**	**२२०**	**५३**	**४९९७**

उपरोक्त विवरण अनुसार न्यून विद्यार्थी भएका तथा दरबन्दि नभएका विद्यालयहरुलाई मर्ज गर्नु पर्ने देखिन्छ ।

१८ भ्रमण खर्च

भ्रमण खर्च नियमावली, २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने, भ्रमणबाट फर्के पश्चात उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धि समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राखुपर्ने व्यवस्था छ ।साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिका कार्यालयले यो वर्ष भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शीर्षकमा रु. १७२८३६१।- खर्च लेखेको देखियो ।लेखापरीक्षणको क्रममा संकलन गरिएको विवरण अनुसार पालिकाका पदाधिकारी तथा कर्मचारीले सबैले दैनिक भ्रमण भत्ता प्राप्त गरेको देखियो । कार्यालय प्रमुख, लेखा कर्मचारी, प्राविधिक शाखा प्रमुख, प्रशासन शाखाका कर्मचारी, जिन्सी हेर्ने कर्मचारी, योजना हेर्ने कर्मचारी नै औचित्य नखुल्ने गरी भ्रमणमा जाने गरेको देखिएको छ । भ्रमण खर्च भुक्तानी भएका सबैजसो भ्रमण आदेशमा भ्रमणको स्पष्ट उद्देश्य र कारण नखुलाई कार्यालयको कामकाजको लागि भनी उल्लेख गरेको कर्मचारी वा पदाधिकारी भ्रमण गई कार्यालयको काम सम्पादन गरेको पुष्टि हुने प्रमाण तथा सबै भ्रमणमा भ्रमण प्रतिवेदन पेश हुने नगरेकोले भ्रमण खर्च सरकारी कामको लागि भएको हो भनी यकिन गर्ने अवस्था देखिएन । पेश भएका भ्रमण आदेश तथा भ्रमण बील लगायत कागजातबाट भ्रमण खर्चको औचित्य पुष्टि हुने देखिँदैन । वडा सचिव, कार्यालय सहयोगी, वडा अध्यक्ष, सदस्य लगायत अधिकांश पदको कार्य विवरण अनुसार पालिका बाहेक अन्यत्र खासै काम नहुनेमा प्रत्येक महिना कार्यालयको कामकाज उल्लेख गरी पालिका भित्र अनुगमन तथा जिल्ला बाहिर धनगढी लगायत स्थानमा गएको देखाउने गरेको पाइयो । जुन भ्रमणको औचित्य पुष्टि हुने देखिँदैन । भ्रमणमा खटाउने सम्बन्धमा कार्यालय प्रमुखले आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरेको देखिएन । यसरी आवश्यकता र औचित्य वेगर भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण गर्ने परिपाटीमा अविलम्ब नियन्त्रण हुनुपर्दछ ।

१९ मध्यमकालीन खर्च संरचना

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहित प्रस्तावित योजनाको उद्देश्य, खर्च छुटयाउन आवश्यकताको पुष्ट्याइँ, योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत, प्रतिफल र उपलब्धिको प्रक्षेपण, योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता, गत आर्थिक वर्षमा छुट्याइएको खर्चअनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरणसहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गर्न बाँकी रहेको देखियो । ऐनमा व्यवस्था भएबमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्दछ।

२० सहकारी अनुगमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक

महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १३ वटा सहकारी संस्था मध्ये ७ वटा सहकारी संस्था समस्याग्रस्त रहेको विवरण पेश भएको छ। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२१ नगरबस सञ्चाल पालिकाले नगरभित्रका नागरिकको यातायात सुविधाका लागि नगरबस संचालन तथा व्यवस्थापन कार्यविधि¸२०७५ स्वीकृत गरी २०७६ देखि २ वटा नगर बस सेवा संचालनमा ल्याएको छ । २ वटा बस मध्ये हाल १ वटा बस संचालनमा रहेको छ । चालु आ व मा नगरबसबाट रु १६०११२०। आम्दानी भएको छ। यस सम्बन्धी व्यहोरा निम्न छन् ।

स्रेस्ता तथा अभिलेख - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा५१मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले रसिदबाट प्राप्त आम्दानी सिधै वैङ्क दाखिला गरी बैंक स्टेटमेन्ट अनुसारको आम्दानी लेखापरीक्षणको क्रममा पेश गरेको छ । स्रेस्ता तथा अभिलेख तयार नगरेको, प्राप्त आम्दानी सबै दाखिला नगरी सिधै खर्च गरी पछि घटाउने गरेको, समयमै दाखिला नहुने गरेको अवस्था छ । तोकिएको स्रेस्ता तथा अभिलेख खाता तयार गरी आम्दानीलाई पारदर्शी र व्यवस्थित गर्नुपर्दछ ।

आय-व्ययको तुलनात्मक स्थिति - चालू आ.व को अन्त सम्ममा नगर बसको भाडा वापत् देहायअनुसार जम्मा आम्दानी रु १६०६६२०। भएको छ भने सञ्चालन खर्च रु २९१६२३२।- रहेको छ । जुन आम्दानी भन्दा रु १३०९६१२।– बढी खर्च भएको ।वस संचालनका लागी देहाय बमोजिम मर्मत खर्च र चालक /सहचालकको पारिश्रमिक नगरपालिका वाट खर्च भएको छ । अन्य खर्च हरु जस्तैबीमा, ब्याज, मूल्यह्रास समेत खर्चलाई आधार मान्दा नगरबसले पालिकामा आर्थिक दायित्व बृद्धि भएको पाईयो । । अत: पालिकाले नगर बसको नियमित अनुगमन, नियन्त्रणतथा अभिलेख व्यवस्थापन गरी खर्च कटौती र आम्दानीमा वृद्धि गर्न ध्यान दिनु पर्दछ।

सि.नं.	महिना	आम्दानी	खर्च			जम्माखर्च	नाफा/घाटा	कैफियत
			इन्धन	मर्मत	चालक तथा सहचालक			
१	साउन	१७०१५०	०		५१३५०	५१३५०	११८८००	
२	भदौ	१४९२२०	०		५१३५०	५१३५०	९७८७०	
३	असोज	११९४८५	२९५८६३	३७०००	९४७००	४२७५६३	-३०८०७८	
४	कार्तिक	११९९७५	१७३७६८	३२९५०	१३७३५०	३४४०६८	-२२४०९३	८६००० खाजाखर्च
५	मंसिर	१२२४५०	६५०५८	१८८५०	५१३५०	१३५२५८	-१२८०८	
६	पुस	१०४०७५	८४६४८	२५००७९	५१३५०	३८६०७७	-२८२००२	
७	माघ	१२००३५	१०००००	३२८६०	५१३५०	१८४२१०	-६४१७५	
८	फागुन	९९५०५	४२७७९	२५०१२५	५१३५०	३४४२५४	-२४४७४९	
९	चैत	१३७१७५	११९९७३	४७९२५	५१३५०	२१९२४८	-८२०७३	
१०	बैशाख	१६४८१०	१५००००	०	१२९३५०	२७९३५०	-११४५४०	७८०००खाजाखर्च
११	जेठ	१५५०६०	१४९८४२	०	५१३५०	२०११९२	-४६१३२	
१२	असार	१४४६८०	२४०९६२	०	५१३५०	२९२३१२	-१४७६३२	
	जम्मा	**१६०६६२०**	**१४२२८९३**	**६६९७८९**	**८२३५५०**	**२९१६२३२**	**-१३०९६१२**	

२२ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाइयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजसिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ ।

कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

• कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुनसक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।

• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी मध्ये प्रमुख प्रशसकिय अधिकृत पदपुर्ति नभएको , ईन्जनियर पदपुर्ति नभई करार सेवा मार्फत कार्य गराएको तथा अन्य महत्वपुर्ण पद रिक्त रहेको पाईयो ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• सुदुर पश्चिम प्रदेश स्थानीय सेवा(गठन संचालन) ऐन, २०८१ दफा ७ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।

कतियय गोश्वारा भौचरहरु कार्यालय प्रमखुको हस्ताक्षर नभएको, वितरण भरपाईहरु प्रमाणित नभएको पाईयो ।

• पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नुपर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।

मोहन सिह धामिको नाममा ३ वटा मोटरसाईकल निजको साहायक जिन्सी खातामा देखिएकोले पालिका द्वारा साहायक जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२३ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यसै गरी २०८२।३।१५ मा राजपत्रमा प्रकाशित सुदुर पश्चिम प्रदेश स्थानीय सेवा(गठन संचालन) ऐन २०८१ को दफा ६८(1) मा योगदानमा आधारित निवृतिभरण र प्रदेश तथा स्थानीयतहमा कार्यरत कर्मचारीको सुविधा उपलब्ध गराउन प्रदेशमा एक कोष रहने र उपदफा ८ मा स्थानीयतहवाट प्रदान गरिने निवृतिभरण उपदान,उपचार खर्च,बिशेष आर्थिक सुविधा र सञ्चित विदा विदा वापतको रकम भुक्तानी उपदफा १ बमोजिमको कोषवाट उपलब्ध हुने उल्लेख छ । स्थानीयतहमा कार्यरत कर्मचारीको सुविधा उपलब्ध गराउने प्रदेश कानुनले ब्यवस्था गरेको अवस्थामा स्थानीय कानुन समेत तर्जुमा नगरी तथा पालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा नगरी समानीकरण अनुदानवाट रु १० लाख कल्याणकोषमा पठाएको छ । यसमा सुधार हुनुपर्दछ ।

२४ **सुचना प्रकाशन**

पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६ (क) को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ । पालिकाले सूचना प्रकाशनबापत विज्ञापन एजेन्सी र पत्रपत्रिकालाई भुक्तानी दिँदा विज्ञापन बोर्डको कोषमा जम्मा गर्नुपर्ने ३ प्रतिशत रकम जम्मा गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ । विज्ञापन संकलन, प्रकाशन एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका, २०७८ को बुँदा ६ मा विज्ञापन एजेन्सीले विज्ञापन संकलन गरी प्रकाशन गरेबापत सम्बन्धित पत्रिकाको आफ्नै विजक जारी गर्नुपर्ने र एजेन्सीले विज्ञापन संकलन बापत १५ प्रतिशत कमिशन लिन सक्ने व्यवस्था छ । पालिकाबाट जारी भएको सूचनाहरू विभिन्न दैनिक पत्रिकामा प्रकाशन गरेबापत विज्ञापन एजेन्सीहरूले आफ्नै विजक जारी गर्ने गरेको देखिन्छ । एजेन्सीले विज्ञापन प्रकाशन गरेको पत्रिकाको विजक जारी गरी आफ्नो कमिशन बापतको रकम भुक्तानीको लागि माग गरी पालिकाले सोही बमोजिम भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ ।

२५ **डोजर लगायत उपकरण खर्च आम्दानी**

पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.१,३०,५०,४००।-खर्च गरेकोमा विभन्न मेशिनमा भएको खर्च छुटै अभिलेख राखेको पाईएन । उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु १६,००,०००।- मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । पालिकाले यस बर्ष एच.डि.आर सपलार्यस ५००-८०० आ.पि.एम,५५एच.पि गहु थ्रेसर खरिद गरी गो भौ न १६६।८२।१।१७ वाट रु ३०९५५० भुक्तानी गरेको पाईयो । पालिकावाट हाल सम्म मेशिन संचालन कार्यविधि तयार नगरेको तथा सो बाट प्राप्त आम्दानीको अभिलेख राखेको पाईएन । आवस्यक कार्यविधि तयारी र आम्दानीको अभिलेख राख्नु पर्दछ । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।

२६ **कार्यान्वियन नभएका कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८१ को लागि रु ५८ करोड ८६ लाख १४ हजारको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल १२१ बटा कार्यक्रम मध्ये यस वर्ष १० वटा कार्यक्रमहरू कार्यान्वियन गरेको पाइएन । कार्यान्वियन नभएकाप्रमुख कार्यक्रमहरू देहाय अनुसार छन् ।

कार्यक्रम	बजेट
एक पालिका एक भेटेरिनरी डाक्टर	५,२५,०००.
एम.आई.एस.अपरेटरर फिल्ड सहायक पोशाक भत्ता	२०,०००.००
१००वटा स्थानीय तहमा महिला उद्धमशीलता विकास सहजीकरण केन्द्र संचालन सशर्त अनुदान	२,००,०००.
सामुदायिकविद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन	२३,९१,०००.
CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान	७,००,०००.०
करारकर्मचारीहरूको पोशाक खर्च	१०,०००.००
करारकर्मचारीहरूको बीमा शुल्क बापतको खर्च	५,०००.००
आप्रवासीस्रोत केन्द्र संचालन सम्बन्धी समन्वय बैठक (जिल्ला प्रशासन कार्यालयकोप्रतिनिधि, स्थानीय तहको प्रतिनिधि र रोजगार सेवा केन्द्र)	३०,०००.००
प्राविधिकसहायकको स्थानीय भत्ता	०
उत्पादनमाआधारित अनुदान भटमास	४,२०,०००.०

२७ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकाले विभन्न बैठकबाट ३१ वटा कार्यक्रममा गरी हटाएर यस वर्ष २ करोड ९३ लाख १४ हजार रकमान्तर गरेको छ ।उक्त बजेटबाट ८ वटा नयाँ कार्यक्रम थप गरेको छ । शुरु बजेट विनियोजन भएका योजना कटौति गरी पटके निर्णयबाट नयाँ योजनाको लागि रकमान्तर गरी खर्च गर्ने परिपाटी बजेट सिद्धान्त विपरित देखिन्छ।

२८ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ । उपनियम १५ अनुसार उल्लिखित खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएको अवस्थामा सम्बन्धित कार्यालयले सम्लग्न वील, भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकी विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी राख्नु पर्ने छ । पालिकाले रू. २,६७,४०,०९८- गत वर्षको भुक्तानी दिएकोमा बजेटले बहुवर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक दायित्व सृजना हुने गरी खर्च नगर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२९ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.**१,५१,०६,६२५** प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.**९२,५९,२८५।**-अर्थात अनुमानको तुलानामा ६१ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।पालिकाको आन्तरिक आय निम्ना अनुसार आम्दानी भएको छ ।

क्र.सं.	राजस्व शीर्षक	अनुमान	प्राप्ती	प्रतिशत
१	सम्पती कर	११,००,०००	९,६०,८८८	८७.४
२	भुमिकर/मालपोत	११,००,०००	७,१६,६००	६५.१
३	वहाल कर	१५,००,०००	१९,८६,५०८	१३२.४
४	वहाल विटौरी कर	२,५०,०००	२५,३००	१०.१
५	सवारी साधन कर (साना सवारी)	१०,०००	०	०.०
६	अन्य मनोरञ्जन कर	१०,०००	०	०.०
७	कृषितथा पशुजन्य वस्तु व्यावसायिक कारोवार कर	१०,०००	४,६००	४६.०
८	अखेटोपहारमा लाग्ने कर	११,०००	०	०.०
९	अन्य कर	११,५०,०००	४,४८,८७५	३९.०
१०	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	०	५००	
११	विद्युत सेवा शुल्क	०	२,०००	
१२	अन्य सेवा शुल्क तथा बिक्री	५५,०००	७,०८,७८०	१,२८८.७
१३	न्यायिक दस्तूर	११,०००	१,२००	१०.९
१४	शिक्षा क्षेत्रको आम्दानी	१०,०००	१४,४००	१४४.०
१५	अन्य प्रशासनिक सेवा शुल्क	३,००,०००	१,५८,६७५	५२.९
१६	पार्किङ्ग शुल्क	५,५००	०	०.०
१७	नक्सापास दस्तुर	७,००,०००	९५,२०८	१३.६
१८	सिफारिश दस्तुर	३,८५,०००	४,११,६००	१०६.९
१९	व्यक्तिगत घटना दर्ता दस्तुर	१,५०,०००	२,१५,२००	१४३.५
२०	नाता प्रमाणित दस्तुर	६०,०००	२१,९००	३६.५
२१	अन्य दस्तुर	५,००,०००	१३,५०,०९१	२७०.०
२२	व्यावसाय रजिष्ट्रेशन दस्तुर	१९,५०,०००	२,५१,९५०	१२.९
२३	विद्युत सम्बन्धी दस्तुर	०	१,०००	
२४	अन्य क्षेत्रको आय	२०,२७,५००	०	०.०
२५	प्रशासनिक दण्ड, जरिवाना र जफत	५,०००	०	०.०
२६	अन्य राजस्व	०	२,५००	
२७	व्यवसाय कर	०	१८,८१,५१०	
२८	बैंक मौज्दात	३८,०६,६२५	०	०.०
२९	अन्य संस्थाहरूबाट ऋण प्राप्ति	०	०	
	जम्मा	**१,५१,०६,६२५**	**९२,५९,२८५**	**६१.३**

३० प्रधानमन्त्री रोजगार कार्यक्रम

कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु. ६७ लाख ७ हजार मध्येबाट घोरेटो बाटो निर्माण, पर्खाल निर्माण, बाटो मर्मत, नाला मर्मत, ढुंगा सोलिङमा रू. ५० लाख ५ हजार भएको छ । सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च रु ८३२०४१ समानिकरण वाट तथा श्रमिक ज्यालामा रु.४९ लाख ९ हजार खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि ७३० जनाले निवेदन दिएकामा जम्मा ७५ जना छनोट भएको प्रतिवेदन पालिकाले तयार गरेको छ । पालिकका ९ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी पालिकाले दिएको छ । ९ वटा वडामा सञ्चालित कार्यक्रममा ७५ जनालाई दैनिक ६०० को दरले अधिकतम १०० दिन रोजगारी दिएको पाइयो ।यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्यबीनच तुलना गर्न सक्ने अवस्था छैन ।

३१ पेश्कि बाँकि

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म सुत्र प्रणालीले म्याद नाघेको जनाएको तर सम्झौता र पेश्की जमानतको अवधि बाँकी रहेको निम्न अनुसारको पेश्की रु.३१९०७०० फस्र्योट गर्न बाँकी रहेकोले पेश्की नियमानुसार असुल फस्र्योट गर्नु पर्दछ ।साथै निम्नाअनुसारको म्याद नाघेको नियमावली अनुसार पेश्कि फस्र्योट गर्नु पर्ने रु

क्रस	पेश्कीलिएको मिति	गो. भौ. नं.	पेश्कीलिनेको नामथर	वापत	पेश्कीरकम	फर्स्यौटगर्नुपर्ने अन्तिम मिति	कफियत
१	२०८१।०४।०१	१	जिल्ला खेलकुद बिकास समिति	कार्यक्रम खर्च	१,८०,०००.००	२०८२।०३।३२	गत विगतमा बेरुजु कायम
२	२०८१।०४।०१	१	दार्चुला उध्धोग बाणिज्य संघ	अन्य सार्वजनिक निर्माण	४,००,०००.००	२०८२।०३।३२	
३	२०८१।०४।०१	१	भववती टोल नाली सरसफाई तथा मर्मत उ.स	शिवनगर खेल मैदान निर्माण वडा न. ४	६,६०,०००.००	२०८२।०३।३२	
४	२०८१।०४।०१	१	महादेब मन्दिर भौतिक सुधार योजना	अन्य सार्वजनिक निर्माण	६६,०००.००	२०८२।०३।३२	
५	२०८१।०४।०१	१	प्रेम सिह धामी	महाकाली समृद्धी कार्यक्रम	२५,०००.००	२०८२।०३।३२	
६	२०८१।०४।०१	१	विर सिह डोबाल	महाकाली समृद्धी कार्यक्रम	२५,०००.००	२०८२।०३।३२	
७	२०८२।२।६	१७५	ओम महाशनिदेव कन्सट्रक्सन सप्लायर्स निर्माण सेवा	नगर क्षेत्र भित्र सडक बत्ती निर्माण (४५ लाख)	६१४०००	२०८२।०३।१०	छुटै दफामा बेरुजु
८	२०८२।०२।२०	२३	ओम महाशनिदेव कन्सट्रक्सन सप्लायर्स निर्माण सेवा	नगर क्षेत्र भित्र सडक बत्ती निर्माण (४५ लाख)	६१४०००	२०८२।०३।२४	
९	२०८२।०३।२३	७९१	राजेन्द्र सिंह धामी	नगर सभा संचालन	३०००००	२०८२।०४।२६	
१०	२०८२।०१।१६	५५४	सामुदायिक रेडियो लोकदर्पण एफ.एम ९४.६	कार्यक्रम खर्च सार्वजनिक सुनवाई सामाजिक परिक्षण	१६४०००	२०८२।०२।२०	
११	२०८१।१२।०६	१२६	भुमिराज टोल बिकास संस्था	गल्फै PCC बाटो तथा नाली मर्मत वडा नं ५	६२७००	२०८२।०३।३२	
१२	२०८२।३।१९	७५९	भुपेन्द्र रैखोला	संचार महसुल	८००००	२०८२।०३।३२	
				जम्मा	३१९०७००		

पेश्की	६,०६,७००

३२ **३० प्रतिशत कट्टा नगरेको**

२३५।८२।३।२२ वाट भुमिराज हार्डवेयरलाई १२३०५ मिटर पाईप खरिद वापत मु.अ.कर रु ११४९३३ समेत रु ९९९०३८ भुक्तानी मुल्य अभिवृद्धि कर नियमावली २०५२ बमोजिम मु अ कर भुक्तानी गर्दा ३० प्रतिशत मु अ कर कट्टा नगरेकोले आपुर्तिकवाट सम्बन्धित आन्तरिक राजश्व कार्यालयवाट मु अ कर समायोजन पत्र पेश गर्नु पर्ने रु .....

प्रमाण पेश नगरेको	१,१४,९३३

३३ **हालसम्म फर्स्यौट नभएको आ.ले.प. बेरुजु**

३३.१

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **७,८५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३३.२ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **१,४९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३३.३ आयकर ऐन २०५८ तथा सालबसाली आर्थिक ऐन बमोजिम अग्रिम रुपमा कर कट्टी गरी सम्बन्धित को नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरिदिनु पर्ने व्यवस्था छ ।कार्यालयले महकाली नगरपालिका चालु तर्फ गो भौ नं १५६ मिति २०८१।०८।१९ सवारी चालक पदम सिंह धामी लाई सम्झौता अनुसार गाडी भाडा रु २५००० भुक्तानी गरिएकोमा बहाल कर कट्टी गरि भुक्तानी गर्नु पर्नेमा कट्टी नगरी पुरै रकम भुक्तानी गरेकोले बहालकर रु २५०० असुल गर्नु पर्ने गर्नुपर्ने रु

क्रम	कर्मचारीको नाम	असुली रकम
३३.३.१	पदम सिंह धामी	२,५००

असुल गर्नुपर्ने	२,५००

३४ शिक्षक खर्च

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ बमोजिम पालिकाले आफ्नो कार्यक्षेत्र र अधिकार सम्बन्धि उल्लेख छ । पालिकाले व्यास गाँउपालिकाको पत्र मिति २०८२।३।२२ दर्ता नं ५२०२।३।२३ अनुसार शिक्षक कर्मचारीको तलब भत्ता भुक्तानीको अनुरोधका आधारमा स्थापित कैलाशपती आधारभुत विद्यालयमा कार्यरत कम्पुटर शिक्षक प्रियंका गौतमको तलब भत्ता वापत गो भौ नं मिति ८४-०८२।३।२४ बाट रु १०५००० भुक्तानी दिएको पाइयो । तसर्थ आगमि दिन दोहोरो नहुने सुनिश्चतता र आफ्नो कार्यक्षेत्रलाई ध्यानमा दिइ यस्ता कार्य गर्नुपर्ने देखिन्छ ।

३५ वितरणमुखी योजना

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरूको छनोटमा ध्यान दिनु पर्दछ साथै पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता र अनुदान वितरण गर्नु पर्दछ।पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरूमा केन्द्रीत भई योजना कार्यान्वियन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरू कार्यविधि वेगर संचालन गर्ने गरेको देखियो। यसरी वितरण गर्दा समाग्री बुझ्नेको ठेगाना उल्लेख नगरेको, वितरण गरिने सामाग्री संख्या फरक फरक रहेकोमा सोको आधार नखुलाएको पाईयो । जुन योजना र कार्यक्रमहरूले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउने देखिदैन ।पालिकाले यो वर्षबजेट विनियोजन गरेतापनि स्पष्ट मापदण्ड र कार्यविधि तयार नगरी गरेको निम्नबमोजिमको कार्यक्रम मा खर्च भएको देखिन्छ । यस्तो प्रकृतिको खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।

गो.भौ.नं./ मिति	आपुर्तक	लाभग्राही	क्रियाकलाप	खर्च रकम
२३५।८२।३।२२	भुमिराज हार्डवेयर	३३ जनालाई	१२३०५ मि.पाईप वितरण	९९९०३८
१७९।८२।२।२०		१२ जनालाई	२४०० मि पाईप	१०५६७२
२००।८२।३।८			दलित वस्तमा डाडु पन्यू वितरण	५००००
१७०।८२।१।२१		भुमिराज टोल विकास संस्था	बादन सामाग्री	५८२००
२३७।८२।३।२३	केदार एग्रोभेट	१० जना	५० प्रतिशत अनुदानमा मिनि टिलर	३५००००

३६ लागत साझेदारी

उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम संचालन कार्यविधि, २०८१ को दफा ५ मा आयोजना संचालनका लागि कार्यक्रमको तर्फबाट अधिकतम ९० प्रतिशत र स्थानीय तहबाट न्यूनतम दश प्रतिशत लागत सहभागिता रहने व्यवस्था छ। पालिकाले दत्तुधनखोला सिचाई निर्माण योजनामा रु.२१९६७१८ को कार्यस्वीकार प्रतिवेदन तयार गरेकोमा ९० प्रतिशत रकम रु.१९७७०४६ र कन्टिन्जेन्सीबापतको रु.76875 गरी कुल रु.२०५३९२१ कार्यक्रमबाट खर्च लेख्नुपर्नेमा गो.भौ.नं।मिति ३।०८२।३।११ र ९।०८२।३।२३ बाट रु.२१७१५८५ खर्च लेखेको देखिएकोले कार्यक्रमबाट बढी खर्च लेखेको रकम रु.११७६६४ पालिकाबाट असुल भई संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,१७,६६४

३७ बीमाबापतको बढी भुक्तानी

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **८,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३८ बिलबिजक भन्दा बढी भुक्तानी

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **१२,८०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ टोल विकास संस्थामार्फत निर्माण कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्धेश्य नै रोजगारी सिर्जना गर्ने भएमा तथा खरिद नियमावली , २०६४ को नियम ९७ मा सोही स्थानबाट बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट निर्माण कार्य गराउन सकिने व्यवस्था छ। पालिकाले वडा नं २ मा कोल्ड च्याम्बर निर्माणका लागि रु.२६४३८७३ को लागत अनुमान तयार गरी मेखौली टोल विकास संस्थामार्फत सम्पन्न गर्ने गरी सम्झौता गरेको देखियो। पालिकाले मिति २०८२।३।६ मा रु.२७३७२५२ को कार्यस्वीकार प्रतिवेदन तयार गरी भुक्तानी गरेकोमा उपभोक्ताले पिनाकल एडं कम्पनी प्रा.लि. (स्था.ले.नं. ६०६८५८३२४) को बिल नं १६९।०८२।२।२१ मार्फत २ सेट कोल्ड च्याम्बर खरिद गरी रु.१९८१३३१ तथा च्याम्बर ढुवानीमा लमसममा रु.५५००० गरी कुल रु.2036331 अर्थात कुल कामको ७४.४७ प्रतिशत सामाग्री खरिदमा भुक्तानी भएको देखियो. साथै मेखौली टोल विकास संस्थामा सोही स्थानबाट बसोबास गर्ने बासिन्दा र कोल्ड च्याम्बर सेवा उपभोग गर्ने समुदाय मात्र रहेको सम्बन्धमा यकिन हुन सकिएन। पालिकाले रोजगारी रोजगारी सिर्जना गर्ने योजनाहरु उपभोक्ता समितिमार्फत तथा सोही स्थानबाट बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट निर्माण कार्य गराउनुपर्दछ।

४०	**प्रदेश सिचाई संरचना**

४०.१	सुदूरपश्चिम प्रदेश सरकार स्थानीय तहमा वित्तीय हस्तान्तरीत कृषि तथा पशुपक्षि विकास कार्यक्रम संचालन कार्यविधि २०८१ अनुसार प्राप्त आवेदनहरूको प्राविधिकद्वारा स्थलगत निरीक्षण गरी प्रतिवेदन बुझाउने , सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्ने, बुदा न ८(५) अनुसार लाभग्राहीको तर्फवाट सम्पादन हुने रकम सुनिश्चिताको लागी सम्झौता अघि सुरक्षण जमानत लिनु पर्ने व्यवस्था छ । तर पालिकाले प्रदेश सरकार हस्तान्तरित कार्यक्रम १ पालिका १ नगदेवाली उत्पादन अन्तरगत सिचाई संरचना निर्माणका लागी देहायअनुसार कृषि, पशु, फर्म समुहलाई रु९१०६१९।- अनुदान दिएकोमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै कार्यविधि अनुरुप सुरक्षण जमानत नलिएको तथा अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

गो भौ न	क्रियाकलाप	अनुदानग्राही	अनुदान रकम रु
१२	पाईप	करण सिह ठगुन्ना	९४५७७
१३	पोखरी निर्माण	नाद सिह ठगुन्ना	९४७८९
१८	सिचाई पोखरी	टोपिनाथ कृषक समुह	९६१४०
१९	सिचाई ट्याङ्की	सृजनशिल आलु तरकारी कृषक समुह	९४७७५
२२	सिचाई पोखरी	दान सिह महर	९७०००
४४	सिचाई पोखरी र पाईप	भुमिराज बिजबृक्ष कृषक समुह	१४३०००
३९	सिचाई पोखरी	बिनायक कृषि फर्म	९७०००
३८	सिचाई पोखरी	गणेश सिह सामान्त	९६३३८
५८	सिचाई पोखरी	दोलत सिह चौसिर	९७०००
		जम्मा	**९१०६१९**

४०.२	पालिकाको सुचना बमोजिम सिचाई संरचना अनुदानका लागी प्राप्त भएकाप्रस्तावनाका आधारमा कृषकहरुको छनौट गर्न पालिकाको कृषि समितिको २०८१।११।१ को सिफारिश अनुसार आवेदक मध्ये ११ फर्म संस्था कृषक छनौट परेको र २६ वटा फर्म संस्था ब्यक्ति बैकल्पिक सुचिमा रहेको देखिन्छ । तर कार्यालयवाट गो भौ न ५८।८२।३।२५ वाटरु ९७००० अनुदान लिने अनुदानग्राही दौलत सिह महर पालिका कृषि समितिको मुख्य ११ तथा बैकल्पिक २६ छनौट सुचिमा परेको देखिदैन । प्रस्तावना पेश नभएका तथा समितको निर्णयमा **नपरेका लाभग्राहीलाई** अनुदान उपलब्ध गराएकोले पालिकाद्वारा उपलब्ध गराएको सबै अनुदान तोकिएको प्रकृया पुरा गरी लक्षित समुदायमा पुगेको छ भन्ने आधार रहेन । छनौट निर्णयमामा नपरेका लाभग्राहीलाई अनुदान उपलब्ध गराएको अनियमित देखिएको रु

अनियमित भएको	९७,०००

४१	**स्वास्थ्य चौकि भवन**

निर्माण कार्यका लागी स्विकृत रु.९०,६५,२५६।- को लागत अनुमानका आधारमा बोलपत्रका माध्ययमवाट मिति २०८२।३।२४ सम्म कार्यसम्पन्न गर्ने गरी २०८१।९।८ मा हुस्कर निर्माण निर्माण सेवा सँग भएको रु ४७,६२,१६८।— कोसम्झौता बमोजिम यस बर्ष दोस्रो तथा अन्तिम बिल सम्म रु ४६८०४६६।- भुक्तानी भएकोमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन्

४१.१

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **६,७७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४१.२ प्रथम रनिङ्ग विल भुक्तानी गर्दा प्रोभिजनल सम अन्तर्गत गुणस्तर परीक्षणवापत रु २०००० तथा सुचना पाटी वापत रु १०००० समेत ३०००० भुक्तानी भएकोमा गुणस्तर परीक्षण गरी भुक्तानी गरेको बिल पेश नगरेकोले बिल पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

प्रमाण पेश नगरेको	३०,०००

४१.३ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **२८,६१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४२ **सडक बत्ति जडान कार्यक्रम**

संघिय सरकार ५०।५० प्रतिशत साझेदारी कार्यक्रम सडक बत्ति जडान कार्यका लागी कार्यका लागि स्विकृत रु ७६,९३,८०६।- को लागत अनुमानका आधारमा बोलपत्रका माध्यमवाट छनौट भएका निर्माण व्यवसायी ओम महाशनिदेव कन्ट्रक्सन सँग २०८२।३।२४ सम्ममा निर्माण सम्पन्न गर्ने गरी मिति २०८२।१।३१ मा रु.६१,६०,४४९।-(मु.अ.कर समेत)को सम्झौता भएको सम्झौता अवधिमा पेश्कि वापत रु १२२४८०० भुक्तानी भएको छ तर निर्माण ब्यवसायीवाट कुनै कार्य भएको छैन । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न अनुसार रहेका छन् ।

४२.१ सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११२(३,४) तथा सम्झौताको शर्त न. १९.१ मा व्यवसायीले शूरु सम्झौता देखि त्रुटि सच्च्याउने अवधि सम्मको निर्माण कार्य,कामदार,मेशनरी लगायतको बिमा गर्नु पर्ने उल्लेख भएकोमा निर्माण व्यवसायीवाट बिमा गरेको पाईएन ।सम्झौता शर्त अनुसार बिमा गराउनु पर्दछ ।

४२.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने र यस्तो निवेदन २१ दिन अगाबै दिनु पर्ने व्यवस्था छ । यसै गरी निर्माण व्यवसायीको कारण अवधि थप गर्नु पर्ने नियमावली १२१ पुर्वनिर्धारित क्षतिपुर्ति लिई म्याद थप गर्न सकिने व्यवस्था छ ।तर निर्माण व्यवसायीले २१ दिन अगाडी सम्म निवेदन निदएकोले सम्झौताको शर्त न ५५.१ अनुसार प्रतिदिन शुन्ना दशमलव शुन्ना पाँच प्रतिशतले हुने अधिक्तम १० प्रतिशत पुवनिर्धारित क्षतिपुर्ति रु ५४५१७२।- समेत असुल गरी कार्यसम्पन्न गराउनु पर्दछ ।

४२.३ सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११३.(१) आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई ऐनको दफा ५२क. को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भएबमोजिम पेश्की दिन सकिने तथा उपनियम (६) मा निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको काम सम्झौतामा उल्लिखित समयावधि भित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फछर्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम (३) बमोजिमको बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फछर्यौट गर्नु पर्ने ब्यवस्था छ ।तर निर्माण व्यवसायीले सम्झौता बमोजिम कार्य नगरेको तथा पेश्कि लैजान राखेको जमानत रु १२२८००० को मान्य अवधि २०८२।५।५ मा समाप्त भएकोले उक्त पेश्कि जोखिममा परेको देखन्छ । अत उक्त पेश्कि रकम असुल गर्नु पर्ने रु

पेश्की	१२,२८,०००

४३ **यूनिसेफ नेपाल**

स्थानिय जलवायु उत्थान तथा विपत व्यस्थापन योजना तयारी कार्यक्रम तर्फ रु ८,५७,२००।- तथा आमा सुरक्षा कार्यक्रम तथा सुरक्षित मातृत्व तथ बाल स्वास्थ्य कार्यक्रम तर्फ रु ७१५०००।- समेत रु १५७२२०० आम्दानी भई रु १५५७२०० खर्च भएको छ । उक्त कार्यक्रम तर्फ विपद् व्यवस्थापन तथा जलवायू उत्थानशिल योजना कार्यक्रमका लागी नरेन्द्र प्रसाद ठगुन्नालाई गो भौ न ३५।८२।३।पेश्कि फर्स्यौट समेत रु ८,५७,२००।-को भुक्तानी गर्दा संलग्न विलभरपाई अनुसार देखिएका व्यहोरा निम्न अनुसार रहेका छन ।

४३.१ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **६,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४३.२ विभिन्न समयमा कक्षा लिएको भनि १५ सेशनको बाह्य प्रशिक्षकको प्रतिशेसन रु २२०० का दरले लोकराज जोशिलाई भुक्तानी भएकोमा कक्षा लिएको हाजिरी,कक्षा संचालन तालिका, संलग्न नगरी भुक्तानी दिएको पाईयो । कक्षा संचालन तालिका, प्रशिक्षक हाजीरी लगायत प्रमाण संलग्न गरेरमात्र भुक्तनी गर्नु पर्दछ ।

४३.३ परामर्श सेवा प्रदायकवाट बिल बिजक जारी गर्नु पर्नेमा सो नगरी परामर्श सम्झौता बमोझिमको रकम कार्यालयका कर्मचारीलाई निजवाट भरपाईका आधारमा रु १३००००।-(कर कट्टि गरी) भुक्तानी गर्ने कार्य उचित देखिएन । परामर्शदाताको बिल बिजकका आधारमा सम्बन्धित लाई भुक्तानी गर्नु पर्दछ ।

४४ खरिद प्रयोजन तथा दाखिला

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को उपनियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ ।उपनियम ३९ (१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयवाट गो भौ न ८९।८१।३।२८ वाट करुवा खरिद गरेको भनी बहादुर सिंह बोहोरालाई ४९५०० भुक्तानी भएकोमा उक्त करुवा कार्यालयमा दाखिला नभएको, खरिदको प्रयोजन खुलाएको पाईएन ।अत खरिद प्रयोजन खुल्ने प्रमाण, दाखिला प्रतिवेदन लगायतका प्रमाण पेश हुनु पर्ने रु

प्रमाण पेश नगरेको	४९,५००

४५ कोटेशनवाट निर्माण कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४को नियम ८५(१)मा रु.१० लाखसम्मको निर्माण कार्य सोझै गर्न सकिने,नियम ८४मा रु.१० लाखभन्दा माथि सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै नियम ८५(१ख)मा सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटा आपूर्तिकर्तासिंग सीमाभन्दा बढीको सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाले रु. १११९०२५३ लागत अनुमान भएका निम्न निर्माण कार्य गर्दा लागत अनुमानकोतुलानमा ९९.५१ प्रतिशतमा प्रतिस्पर्धात्मक विधि नपनाइ रु. १११३५४६२ को सम्झौता गरी निर्माण कार्य गराई भुक्तानी भएकोले कार्यालयवाट प्याकेज वनाई प्रतिस्पर्धात्क बिधिवाट निर्माण कार्य गराउनु पर्दछ ।

गो. भौ. नं/मिति	कार्य	निर्माण व्यवसायी	लागत अनुमान	सम्झौता	भुक्तानी रकम
१४।८१।६।१५	मौखाली जोलि पर्खाल	आर्दर्श नि.सेवा	९६४८८१	९६१२०२	९११३५२
७९।८१।९।१९	गालिगाड मेशनरीवाल	दर्शन निर्माण सेवा	९६३१५३	९६१५७०	९५००००
११८।८१।११।१५	दल्लेख खलङ्गा सडक	जगदम्बा निर्माण सेवा	९५३४७६	९४९२९२	९४९२९२
८।८१।६।१४	धापड्याडखोला सडक	शिखर कन्ट्रक्सन	९६५५८७	९४९८४६	९१५५७८
७७।८१।९।१९	हुस्कर मावी पर्खाल	टि.डि. पर्खाल	९९९९२४	९९३१३६	९५००००
७५।८१।९।१९	रा.मा.बि. पर्खाल	कैलपाल नि.सेवा	९७१३१२	९६९३९८	९५००००
१४५।१२।२८	काटेवाज सडक	जे.बि कन्ट्रक्सन	५७९०४१	५७६५०१	५७६५०१
७३।८१।९।१८	हुस्कर मा.बि पर्खाल	वन निर्माण सेवा	९६५७४९	९५४१८२	९५००००
७१।८१।९।१०	दतु मा.बि. पर्खाल	हुनैनाथ नि.सेवा	९७१३१४	९७१२५७	९५००००
५४।८१।८।१२	धौकोट सडक	जगदम्बा नि सेवा	३०९९८८	३०९६४७	३०४२०५
११३।८१।११।१३	आसिगाडा मा.बि पर्खाल	एन के कन्ट्रकस्न	६७५५०१	६७४२८०	६३०४२६
१२०।८१।११।२५	भालवेसा मेसनरी	शिखर कन्ट्रकस्सन	९०५०९७	९०४१५५	९०४१५६
३३।८१।७।९	बागाबगर दल्लेख सडक	जय हुस्कर नि.सेवा	९६५२३०	९६०९९६	९६०९९६
		जम्मा	**१११९०२५३**	**१११३५४६२**	**१०९०२५०६**

४६ कर बिजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालले खरिद निर्माण कार्य गराए वापत मु.अ.कर रु १२१९९४ समेत भुक्तानी गर्दा बिजक न. केरमेट जारी गरेको बिजकका आधारमा भुक्तानी गरेको पाईयो । बेरितको कर बिजकका आधारमा कार्यालयवाट भुक्तानी भएको मु अ कर रकम छलि हुन सक्ने हुदा उक्त सप्लायर्सले रितपूर्वकको कर बिजक वेगर कार्यालयबाट भुक्तानी लिएको मू.अ.कर सम्बन्धीत आन्तरिक राजश्व कार्यालयवाट समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

गो.भौ.न.	व्यवसायी	पान न	बिजक न	मु.अ.कर रु	भुक्तानी रु	कैफियत
७९।८१।९।१९	दर्शन निर्माण सेवा	६०५८८१४४८	१४।८१।९।१८	११०६२९	९६१५६९	बिजक न हातले लेखेको
९१।८१।१०।६	शिखर फर्निचर	६०४९५५०४९	२०८१।८।२०	११३७५	९८८७५	बिजक न केरमेट गरी १४ बनाएको
	जम्मा			**१२२००४**	**१०६०४४४**	

प्रमाण पेश नगरेको	१,२१,९९४

४७ बाख्रा वितरण

महाकाली नगरपालिका, दार्चुला र श्री भुमिराज बुहुउदेश्यीय कृषि पशुपक्षि समुहसँग २०८२।२।१९ मा रु ३०२६५००।- कार्यालयले र ९९०९००।- समुहले व्यहोर्ने गरी कुल ४०१७४००। को कार्य मिति २०८२।०३।२० भित्र सम्पन्न गर्ने गरी भएको सम्झौताबमोजिम १२८ बाख्रा,५ बोका तथा ३ खोर निर्माण सम्पन्न भई कार्यालयवाट रु ३०२६५०० भुक्तानी भएको सम्बन्धमा देखिएका व्यहोराहरु देहायनुसार छनः

(क) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावलीको नियम ९ मा खरिदको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै

खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नु पर्ने,खरिद सम्झौता नवीकरण गर्न पर्ने वा नपर्ने,खरिदको अन्य कुनै विकल्प भए त्यस्तो विकल्प,खरिद सम्झौता बमोजिमको काम सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम तथा समयर सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका अन्य कुरा विचार गरी तयार गर्नुपर्ने उल्लेख छ। तर कार्यालय ऐन तथा नियमावलीमा तोकिए बमोजिम रु ४०,१७,४००।- लागत अनुमान तयार गरेको देखिएन।

(ख) सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नु गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नु पर्ने उल्लेख छ। तर समुहले खरिद गरेको १२८ वटा खरिक्रस बाख्रा तथा ५ बोका गरी जम्मा रु २२९८०५० मा बाख्रा खरिद गरेकोमा उक्त बाख्राको विस्तृत स्पेसिफिकेशन र अन्य कुराहरु तोकि लागत अनुमान तयार नियम ९ को अधिन रही तयार नगरी सोझै खरिद गरिएकोमा सो तोकिएबमोजिम भए नभएको यकिन हुने गरी तोकिएको तथा आवश्यक स्फेसिफिकेशनबमोजिम प्राप्त भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। यसकारण प्राप्त बाख्रा तोकिएबमोजिमको स्फेसिफिकेशनअनुसार प्राप्त भए नभएको यकिन गर्न विश्वस्त आधार देखिएन ।

(ग) कृषि, पशुपन्छी तथा जडिवुटी विमा निर्देशिका, २०७९ बमोजिम पशु बीमा गर्नुपर्ने उल्लेख तर कार्यालयले सो बमोजिम क्षति न्यूनीकरण गर्न पशुहरु बीमा गराएको पाइएन। तसर्थ कार्यालयले निर्देशिमा भएको व्यवस्था कार्यान्वियनमा ध्यान दिनुपर्दछ ।

(घ)कार्यालयवाट तयार गरेको लागत अनुमानमा १०० प्रतिशत ढुवानी वापत रु २,१९,४००।– समावेश गरेको पाईयो । ढुवानी लागत अनुमान तयार गर्दा ढुवानी गरिने सामाग्री तौल,दुरी समेतका आधारमा विश्लेषण गरी तयार गर्नु पर्ने सो नगरी एक मुष्ट उल्लेख गरेको,समुहले ढुवानी खर्च नरवहादुर शंकरलाई बुझाएको भरपाई मात्र संलग्न गरी भुक्तानी लिएको,समुहवाट समेत प्रतिस्पर्धा नगराएको देखिएकोले ढुवानी खर्च तोकिएबमोजिम लागत अनुमान तयार गरी प्रतिस्पर्धि तवरले खरिद गर्नु पर्ने छ ।

(ङ) सम्झौताको शर्त न ११ अनुसार अनुदान प्राप्त भएका सामाग्री २ बर्ष सम्म बिक्री वितरण गर्न नपाउने प्रावधान पालनाको लागी कुनै सुरक्षण राखेको पाईएन भने पालिकावाट नियमिति अनुगमन गरेको पाईएन ।

४८ **गुणस्तर**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **२३,२०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४९ **दरबिश्लेषण**

सार्विजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) अनुसार सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्विकृत नर्म्सको आधारमा गर्नु पर्ने उल्लेख छ । नेपाल सरकार सडक विभाग सडक निर्माण कार्यको स्विकृत नर्म्स २०७५ सडक सम्बन्धि निर्माण कार्यमा लाग्ने ज्यामि तथा सामाग्री परिमाण उल्लेख उल्लेख छ । तर पालिकाले दररेट निर्धारण गर्दा भवन विभागवाट स्विकृत भवन निर्माण नर्म्स प्रयोग गरी लागत अनुमान तयारी तथा भुक्तानी गरेकोले पालिकावाट भएको सडक निर्माण कार्यमा मितव्ययी तवर लागत अनुमान तयार गरेको पाईएन। पालिकावाट निर्माण कार्यको लागत अनुमान तयार गर्दा मितब्ययी नर्म्स प्रयोग गर्नु पर्दछ । यस सम्बन्धि केही उदाहारण निम्न अनुसार रहेका छन् ः

गो भौ न र मिती	योजना र उपभोक्ता समिति	योजना	आईटम	परीमाण	सडकको दर	भवनको दर	बढी दर	बढी मुल्याङ्कन
१४७।८१।१२। २८	मल्लो महति टोल विकास संस्था	महति सडक पि.सस	पि.सि.सी.१:१.५:३	९.६८	१४३६१	१४८७६	४२५	४११४
२०३।८२।३।१०	मल्लो महति टोल विकास संस्था	ढल निर्माण	पि.सि.सी.१:२:४	९.३१	१५१३७	१६९५२	१८१४	१६८८८
२६८।८२।३।२५	समैजि टोल विकास संस्था	गकु खोला पुल निर्माण	रेन्डम ढुङ्गा गार्हो १:६	२९.६३	९७५६	१०५०९	७५३	२२३१८
प्रदेश २६।८२।३। १०	मल्लो महति टोल विकास संस्था	मैति खिरकोट सडक	पि.सि.सी.१:२:४	४४.९७	१५१३७	१६९५२	१८१४	८१५७५

५० **नापजाँच र भुक्तानी**

५०.१ सार्बजनिक खरिद नियमावली २०६४ को नियम **१२३**(१)ख मा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधार भुक्तानी गर्नु पर्नेउल्लेख छ ।कार्यालयले निम्न बमोजिम ब्यक्तिहरुलाई एक्जाभेटर प्रयोग गरी सडक मर्मत कार्य गरेको भनी देहाय अनुसार भुक्तानी भएकोमा उक्त कार्य परीमाण खुल्ने नापाजाँच संलग्न गरेको पाईएन ।अत कार्य परीमाण खुल्ने नापीकिताव पेश हुनु पर्ने रु

गो भौ न	भुक्तानी पाउने	सडक	रकम
०२।८१।७।१३	अम्वादत्त भट्ट	खंलगा खार सडक	८१२८०
	खिमानन्द भट्ट	काटैवाज सडक	६०५८८
			१४१८६८

प्रमाण पेश नगरेको	१,४१,६८६

५०.२ (..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **३,६९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५०.३ (..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **३३,००४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **५,८६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **३,६८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१ **उद्यमशीलता विकास तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम**

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा २७(१) मा सम्भाव्य लघुउद्यमीको समूहलाई सात दिनको उद्यमशीलता विकास र १ दिनको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम दिनुपर्ने व्यवस्था छ। पालिकाले प्रावधान वडा नं ९, बेतबस्तीमा ७ दिनको उद्यमशीलता विकास तालिममात्र संचालन गरी रु.२७१०० खर्च लेखेको देखियो। जसका कारण कार्यक्रमको उद्धेश्यबमोजिम लैङ्गिक समानता तथा समाजिक समावेशीकरण तालिम संचालन नगरेका कारण तालिम अपूर्ण भई कार्यक्रमको प्रभावकारिता र समावेशितासम्बन्धी उद्धेश्य पूरा नहुन सक्ने देखिएको छ। पालिकाले निर्देशिका बमोजिम सम्भाव्य ७ दिनको उद्यमशीलता विकास र १ दिनको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम संचालन गर्नुपर्दछ।

५२ **अनुगमन प्रतिवेदन**

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५८ मा स्थानीय तहमा उद्यम विकास समितिले कार्यक्रमको नियमित अनुगमन गर्ने र उद्यम विकास समितिको मातहत रहने गरी कार्यपालिका उपाध्यक्षको अध्यक्षतामा अनुगमन उप समिति रहने र अनुसुची १६ बमोजिम संचालित मुख्य क्रियाकलाप, सहायक क्रियाकलाप, सूचक/पुष्ट्याईका आधारमा, प्रगतिको अवस्था, कार्यक्रम संचालन अनुगमनको सारांश विवरण, नतिजा अनुगमन, अनुगमनकर्ताको सुझाव, कार्यक्रमको सम्बन्धमा अनुगमनकर्ताको अनुभव लगायत समावेशी गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं।मिति १३०।०८१।११।१९ मा लघुउद्यमतर्फ अनुगमनबापत ५ जना अनुगमनकर्तालाई अनुगमन भत्ताबापत रु.१०००० भुक्तानी गरेको देखियो । पालिकाले लघुउद्यम निर्देशिकामा व्यवस्था भएबमोजिम अनुगमन उपसमितिलाई मात्रै अनुगमन भत्ताबापत भुक्तानी गर्नुपर्नेमा गाउंपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत अन्यलाई अनुगमनबापत अनुगमन भत्ता भुक्तानी गरेको देखियो । साथै अनुगमनकर्ताले निर्देशिकाको अनुसुची १६ बमोजिम अनुगमन फारम समेत भरेको देखिएन। पालिकाले निर्देशिकाबमोजिम अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी कार्यक्रमका मुख्य क्रियाकलापहरु,सहायक क्रियाकलापहरु, सूचक/पुष्टयाईका आधारहरु र प्रगति अवस्थासमेत खुल्ने गरी अनुगमन फारम प्राप्त भएपछि मात्रै खर्च लेख्नुपर्दछ।

५३ **ऋणको अभिलेख**

महालेखा नियन्त्रक कार्यालयद्धारा संचालित स्थानिय तह एकल खाता कोषको म ले प २७० प्रतिवेदनको ८.१ मा ऋण र लगानिको अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ६३४-०८२।०२।२७ बाट नगर विकास कोषको ऋण वापत साँवा व्याज वापत रु १३२६७० भुक्तानी दिएको ऋण खाताको अभिलेख सुत्रमा अभिलेखिकरण गरेको पाइएन । कार्यालयले सुत्रमा अभिलेखिकरण यस्तो खर्च गर्नुपर्ने देखिन्छ ।

५४ **सोझै खरिदमार्फत औषधी खरिद**

सोझै खरिदमार्फत औषधी खरिद सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा पच्चीस लाख रुपैयासम्मको औषधीजन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र उपनियम ३ख मा सोझै खरिद गर्दा त्यस्तो उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर बिक्री मूल्य सूची राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गरेको र स्थानीय डिलरलाई दिए सरहको छुट खरिद गर्ने सार्वजनिक निकायलाई दिएको यकिन गर्नुपर्ने व्यवस्था छ। पालिकाले मिति २०८१।04।२० मा प्रभाव दैनिक पत्रिकामा प्रकाशित मानसरोवर हेल्थ प्रा.लि. द्धारा सप्लाई गरिने औषधीहरु आ.व. २०८१।८२ को लागि विभिन्न संघसंस्था तथा नेपाल सरकार अन्तरगतका निकायलाई उपलब्ध गराउन सकिने मूल्य सूची प्रकाशित गरेकोमा सोही दररेटमा लागत अनुमान तयार गरेको देखियो। पालिकाले मानसरोबर हेल्थ प्रा.लि.लाई छुटसम्बन्धमा पत्राचार गरेकोमा निजले जम्मा ३ प्रतिशत छुट मात्र उपलब्ध गराउन सकिने व्यहोरा पेश गरेकोमा सोहीआधारमा गो.भौ.नं.।मिति ८१।०८१।९।१८ मा आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा खरिदका लागि औषधी खरिद शीर्षकमा मानसरोबर हेल्थ प्रा.लि.संग औषधी खरिद गरी रु.१४२३०६९ खर्च लेखेको देखियो। दार्चुला जिल्लाकै को अर्को स्थानीय तह लेकम गाउँपालिकाले समेत मिति २०८१।०८।२३ मा पत्रिकामा प्रकाशित दररेटमा १५ प्रतिशत छुटमा औषधी खरिद गरेको देखियो। नगरपालिकाले सप्लायर्सले राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दररेटमा ३ प्रतिशतमात्र छुट उपलब्ध गराएको देखिएकोले सो छुट रकम स्थानीय डिलरलाई दिए सरहको छुट हो वा होइनसम्बन्धमा प्रमाण पेश भएकोले छुटबापतको रकम रु.१७०७६८ असुल हुनुपर्ने

असुल गर्नुपर्ने	१,७०,७६८

५५ **मर्मत सामग्री**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्नेछ।कार्यालयले निम्नबमोजिम भौचरबाट सवारी साधान मर्मत तथा मेशिनरी समान खरिद गरेकोमा मर्मत संभार आदेश, जिन्सी दाखिला र फिर्ता समानको अभिलेख राख्ने गरेको नपाइएकोले पम्मसमा जिन्सी दाखिला भएको पाइएन। यस तर्फ कार्यालयले सुधार गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५६ **मसलन्नद तथा कार्यालय सामग्री**

सार्वजिनक खरिद नियमावलि २०६४ को नियम ८५ बमोजिम ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम (४) को अधीनमा रही लागत अनुमान तयार गरी सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष रु करिब ४५ लाखको मसलन्नद तथा कार्यालय समाग्री खरिद गरेको बोलपत्रको माध्यमबाट नभई प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेको पाइयो । तसर्थ पालिकाले आगामि दिनमा वार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धा सिमित नहुने गरि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने देखिन्छ । यस सम्बन्धका केही उदाहरणहरु

गो भौ नं मिति	आपुर्तिकर्ताको नाम	विवरण	रकम	कैफियत
२५-०८१।६।११	लटिनाथ स्टेशनरी तथा अर्डर सप्लायर्स	मसलन्नद तथा स्टेशनरी	८७३४९०	गत आवमा खरिद भइ यस वर्ष भुक्तानी भएको
२७-०८१।६।११	शुभ लक्ष्मी मल्ट्रि ट्रेड एण्ड सप्लायर्स	मसलन्नद तथा स्टेशनरी खरिद	७८०२९५	गत आवमा खरिद भइ यस वर्ष भुक्तानी भएको
३२-०८१।६।१३	भावना स्टेशनरी सप्लायर्स	मसलन्नद तथा स्टेशनरी खरिद	९९९७६८	गत आवमा खरिद भइ यस वर्ष भुक्तानी भएको
३४-०८१।६।१३	पि वि ट्रेडर्स एण्ड सप्लायर्स	मसलन्नद तथा स्टेशनरी खरिद	७४८०६०	गत आवमा खरिद भइ यस वर्ष भुक्तानी भएको
२६९-०८१।९।८	भागेश्वरी मल्ट्रि ट्रेड एण्ड सप्लायर्स	मसलन्नद तथा स्टेशनरी खरिद	९६७७०९	यस आ व मा खरिद
३०२-०८१।९।२१	शुभ लक्ष्मी मल्ट्रि ट्रेड एण्ड सप्लायर्स	मसलन्नद तथा स्टेशनरी खरिद	५०४२६३	यस आ व मा खरिद
५३६-०८२।१।१२	विर इन्टरनेशनल	मसलन्नद तथा स्टेशनरी खरिद	२३८६५६	यस आ व मा खरिद

५७ **सवारी साधन भाडा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिती गठन गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी विवरण, स्पेशिफिकेशन, अवस्था र आयु, प्रचलित बजार,भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरुलाई विचार पुर्याउनुपर्ने उल्लेख छ भाडाको लागत अनुमान तयार नगरी प्रतिस्पर्धा बेगर सोझै सम्झौता गरेको पाइयो ।यसरी खरिद नियमावलीले निर्धारण गरेको प्रक्रिया वेगर सोझै सम्झौता गरी खर्च लेख्ने नियन्त्रण गर्नुपर्दछ।साथै पालिकाले यस वर्ष सवारी धनी श्री आभाष धामी संग मासिक रु १२१००० भाडा भुक्तानी दिने वार्षिक रु १४५२००० गरी सम्झौता गरेकोमा इन्धन,सवारी र सवारी चालकको पारिश्रमिक कार्यालय बाट खर्च व्यहोर्ने गरि सम्झौता भएको देखिन्छ । यसको अलव पनि कार्यालयले पटके रुपमा विभिन्न सवारी भाडा

लिइ भुक्तानी गरेको दिने गरेको पाइयो । यस्तो खर्चमा नियन्त्रण गरी खर्चको मितव्यीतताको पक्षमा ध्यान दिइ खर्चमा ध्यान दिनुपर्ने देखिन्छ ।जस्तै उदाहरणका लागि

गो भौ नं मिति	सवारी धनीको नाम	भाडा रकम
४३-०८१।६।१५	कुमार कोटारी	३००००
४८-०८१।६।१५	नखुलेको	३५०००
३६-०८१।६।१३	नखुलेको	२००००
जम्मा रु		८५००००

५८ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **१,४५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५९ **भ्रमण भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **२,९७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,७३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **२,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **२,९७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **२,९७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **३,९६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **२,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६० **कार्यापालिका बैठक**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६१ **कानुनी परामर्श सेवा**

सेवा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ (१) मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था छ। ग्लोवल ल अफिस प्रा. लि. काठमाडौँलाई तथा धामी ल च्याम्बर दार्चुला लाई जिल्ला अदातल दार्चुलामा वहस पैरवी वापत देहाय अनुसार रकम भुक्तानी गर्दा लागत अनुमानको आधार खुलाएको छैन । सम्झौता अनुसार लिखित जवाफ एक पटकको रू. ४००००, वहस शुल्क एक पटकको आतेजाते खर्च र अदालती खर्च समेत भुक्तानी गरेको पाइयो । यसरी खर्च गर्दा खर्चको मितव्ययितालाई विचर नगरेको, गोल्बल ल अफिस प्रा.लि. काठमाडौँलाई छनोट गर्नु पर्ने आधार र शुल्कको लागत अनुमानको आधार समेत नखुलाई कार्यालय प्रमुखको निर्णयबाट भएको खर्च नियम सम्मत नदेखिएको रु.

गो भौ नं मिति	**फर्मको नाम**	**विवरण**	**रकम**
११५-०८१।।७।७	ग्लोबल ल अफिस प्रा लि	बहस, पैरिबी, आते जाते, खाना खाजा र वासको	१६००००
६३५-०८२।२।२७	ग्लोबल ल अफिस प्रा लि	बहस, पैरिबी, आते जाते, खाना खाजा र वासको	२०००००
६०२-०८२।२।२२	ग्लोबल ल अफिस प्रा लि	बहस, पैरिबी, आते जाते, खाना खाजा र वासको	१७६२८०
६०२-०८२।२।२२	ग्लोबल ल अफिस प्रा लि	खाना खाजा वापत	२५०००
७४१-०८२।२।१६	ग्लोबल ल अफिस प्रा लि	बहस, पैरिबी, आते जाते, खाना खाजा र वासको	११२०००
जम्मा			६७३२८०

अनियमित भएको	६,७३,२८०

६२ **उच्च शिक्षा कोष**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यवक्ता र औचित्यता समेतको आधारमा खर्च गर्रनुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको स समेत उल्लेख गरेको छ। पालिकाले निम्नबमोजिमका विद्यार्थिलाइ कार्यविधि तयार नगरी कार्यपालिकाको निर्णय बमोजिम छात्रवृत्ति प्रदान गरेको देखिएकोले पालिकाले यस्तो कार्यविधि तयार गरी यस्तो खर्च लेख्नुपर्ने देखिन्छ ।

विद्यार्थिको नाम	रकम	अध्यायन संस्था
देवकी धामी	५००००	मालिकार्जुन विद्यालय
पारस निरौला	५००००	ग्यालेक्सी पब्लिक स्कुल काठमाँडौ
योगेश विष्ट	५००००	एमविएस महारागंज काठमाँडौ
उपेन्द्र सिंह महरा	५००००	काठमाँडौ मोडेल स्कुल
दिनेश राज भट्ट	५००००	काष्ठमाण्डप मेडिकल स्कुल
दिपेश बडाल	५००००	सप्टोरिका कलेज
जम्मा रु	३०००००	

६३ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६४ **जनसहभागिता**

सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट कार्य गराउदाँ उपभोक्ताको अंश कट्टि गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं मिति ७९९-३।२३ बाट जामिर टोलविकास संस्थालाई खानेपानि मर्मतको लागि रु ४७९५०० भुक्तानी गर्नुपर्नेमा रु ४८५००० भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको रकम रु ५५०० असुल गरि दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	५,५००

६५ **एम्बुलेन्स आम्दानी**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ बमोजिम पालिकाले आफ्नो कार्यक्षेत्र र अधिकार भित्र रहि राजश्व संकलन गर्न सक्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार एम्बुलेन्स संङ्ख्या एक रहेकोमा कुनै पनि आम्दानि नभएको जनाएको छ । साथै आम्दानि र खर्च खुल्ने स्पष्ट अभिलेख नराखेकोले आम्दानी र खर्च बारेमा विश्वासत हुन सकिएन । तसर्थ पालिकाले न्युनत्तम शुल्क निर्धारण गरी आम्दानि र खर्चलाई पारदर्शी र विश्वसनिय वनाउनुपर्ने देखिन्छ ।

६६ **पोषण सुधारका लागि आयआर्जन अनुदान**

बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१, नेपाल सरकारको दफा ७(२) मा स्थानीय तहको पोषण प्रोफाइलका आधारमा पोषणको अवस्था सबैभन्दा कमजोर रहेका विपन्न समुदायका घरधुरी पहिचान गर्ने, लक्षित बस्तीभित्रका विपन्न घरधुरीका २५ जना सुनौला हजार दिनका महिला सदस्यहरु रहने गरी समुह गठन गर्ने, छनोट भएका लाभग्राहीले पेश गरेको आयआर्जन तथा पोषणसुधारको कार्ययोजनाका आधारमा प्रति लाभग्राही रु.२५००० का दरले पोषण सुधारका लागि आयआर्जन अनुदान उपलब्ध गराउन सकिने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन।

६६.१ **आयआर्जन अनुदान** - बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१, नेपाल सरकारको दफा ७(२) मा स्थानीय तहको पोषण प्रोफाइलका आधारमा पोषणको अवस्था सबैभन्दा कमजोर रहेका विपन्न समुदायका घरधुरी पहिचान गर्ने, लक्षित बस्तीभित्रका विपन्न घरधुरीका २५ जना सुनौला हजार दिनका महिला सदस्यहरु रहने गरी समुह गठन गर्ने, छनोट भएका लाभग्राहीले पेश गरेको आयआर्जन तथा पोषणसुधारको कार्ययोजनाका आधारमा प्रति लाभग्राही रु.२५००० का दरले पोषण सुधारका लागि आयआर्जन अनुदान उपलब्ध गराउन सकिने व्यवस्था छ। पालिकाले गो.भौ.नं.।मिति ३०४।०८२।३।२० मार्फत वडा नं.९ का सुनौला हजार

दिनका विपन्न महिलाहरुको पोषण सुधारका लागि आयआर्जन अनुदान समिति गठन गरी २८ जना सुनौला हजारे दिन सदस्यहरुलाई प्रति सदस्य रु.२५००० का दरले कुल रु.७ लाख निकासा गरेकोमा देखियो। पालिकाले अनुदान निकासा गरेको अनुदानग्राहीहरु स्थानीय तहभित्रका पोषणको अवस्था सबैभन्दा कमजोर रहेका विपन्न समुदायको सुनौला हजार दिनका महिलाहरु हुन भन्न सक्ने सम्बन्धमा कुनै प्रमाण पेश नगरेका कारण आर्यआर्जन अनुदान स्थानीयतह भित्रका पोषणको अवस्था सबैभन्दा कमजोर रहेका विपन्न समुदायको सुनौला हजार दिनका महिलाहरुलाई निकासा भएको सम्बन्धमा यकिन हुन सकिएन। तसर्थ पालिकाले सशर्त कार्यक्रममा व्यवस्था भएबमोजिम पोषणको अवस्था सबैभन्दा कमजोर रहेका विपन्न समुदायको घरधुरी पहिचान गरी लक्षित बस्तीभित्रका विपन्न घरधुरीका सुनौला हजार दिनका महिलाहरु छनोट गरी आयआर्जन अनुदान प्रदान गर्नुपर्दछ।

६६.२ (✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६७ **इन्धन तथा मर्मत**

सरकारी लेखा निर्देशिका, २०७३ को बुँदा नं. ४.७.३ अनुसार ईन्धन माग गर्दा माग फारम स्वीकृति गरी माग गर्ने र ईन्धन प्रयोग भइसकेपछि प्रयोग भएको विवरण तथा परिमाण सहित तोकिएको ढाँचामा लग बुक पेश गर्नुपर्ने व्यवस्था छ। साथै पुँजीगत सम्पत्तिको मर्मत सम्भार गर्दा सम्बन्धित कर्मचारीबाट मर्मत सम्भार गर्नुपर्ने सामानको विवरण लिई लागत अनुमान तयरा गरी जाँच गरी खरीद

शाखाले अख्तियार प्राप्त अधिकारीबाट स्वीकृति लिई मर्मत सम्भार कार्य गराउनु पर्दछ र मर्मत सम्भारगरिएका सामान मर्मत सम्भारगरिएका सामान मर्मत सम्भार भएको क कुरा सम्बन्धित सवारी साधन वा मेसिनरी सञ्चालन गर्ने कर्मचारी वा प्राविधिकबाट प्रमाणित गराई मर्मत गरिएको पुरानो पाटपुर्जा सामान भण्डारमा फिर्ता गरी सोको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था उल्लेख छ । तर कार्यालयले ईन्धन तर्फ ३७२०,०००।- र मर्मत सम्भार तर्फ ३७७२०००।- बजेट बिनियोजन गरी क्रमश: ईन्धन तर्फ ३४४४१७५।- तथा मर्मत सम्भार खर्च रु ३४७५६८०।- लेखाङ्कन गरेकोमा मर्मत अभिलेख नराखेको लगबुक प्रमाणित गरी राख्ने नगरेको एवं मर्मत सम्भार गरेका पुराना सामानहरू भण्डारमा फिर्ता सम्म नगरेकोले कार्यालयले यसरी निर्देशिका विपरित खर्च गर्ने कार्य बन्द गर्नुपर्दछ ।

६७.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यतता समेतको आधारमा खर्च गर्रनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यस वर्ष इन्धन वापत खर्च गर्दा तोकिएको ढाँचामा राख्ने र पम्मसमा इन्धन दाखिला गर्ने गरेको पाईएन । तसर्थ कार्यालयले आगामि दिनमा खर्च नियन्त्रण गरि खर्चको मितव्यीतता ध्यान दिनुपर्ने देखिन्छ । इन्धन खरिद भुक्तानी गरेको सम्बन्धमा केही उदाहरणहरु

गो भौ नं मिति	पार्टीको नाम	इन्धनवापत भुक्तानी भएको रकम
७-०८१।६।८	महादेव इन्टरप्राइजेज	६८६७३९
३०-०८१।६।२२	महादेव इन्टरप्राइजेज	३०६१२२
५६०-०१।३१	महादेव इन्टरप्राइजेज	३३०५७०
६०८-०८२।२।२२	महादेव इन्टरप्राइजेज	२७९९३२

६७.२ सार्वजिनक खरिद नियमावलि २०६४ को नियम ८५ बमोजिम ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम (४) को अधीनमा रही लागत अनुमान तयार गरी खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले एक जना मेकानिकल पद सृजना गरी कर्मचारीको भर्ना गरे तपानि सवारी साधान मर्मतको लागि लागत अनुमानको आधार तय र इन्पेक्शन र पोष्ट रिपोर्ट तयार नगरेकोले खर्च रकममा विश्वासत हुन सकिएन । यस सम्बन्धका केही उदाहरणहरु

गो भौ नं मिति	पार्टीको नाम	विवरण	रकम	कैफिषत
५१-०८१।६।१६	सराफल अटो मोवाइल्स	सवारी साधान मर्मत	२८७९८०	
७६३-०८२।३।१९	श्रीराम ट्रेडिङ्ग	सवारी साधान मर्मत	२९५९६०	३३९ र २०८९ गाडी मर्मत
७७६-०८२।३।२०	अशु अटो वर्कसप	सवारी साधान मर्मत	४९८८१५	२०८९ नं गाडी मर्मत
७७८-०८२।३।२०	शुलभ अर्थमुभ्स	सवारी साधान मर्मत	४९६१२३	३५३ नं गाडि मर्मत

६८ अतिथि सत्कार

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **७६,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६९ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, सामान खरिदमा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी

वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । केही उदाहरणहरु

कार्यक्रम	कृषक/कृषक समूह/ सहकारी	विवरण	अनुदान रकम रु.
आ.व. २०८१।८२ मा नया गाई/भैसी पकेट विकास कार्यक्रम	भगवती महिला बहुउद्धेश्यीय कृषक समुह	१४ वटा उन्नत नश्लका भैसी खरिद तथा १२ वटा गोठ निर्माण	२४९९९९६
पोषण आयआर्जन अनुदान	वडा नं.९ का सुनौला हजार दिनका महिलाहरुको समिति	२८ जनालाई व्यवसायिक कार्ययोजना पेश भएको आधारमा रु.२५००० का दरले कुल रु.७ लाख अनुदान	७०००००
लक्षित वर्ग सीप विकास र प्रविधि हस्तान्तरण	दिपेन्द्र सिंह नगरी, रमेश भुल, गणेश भुल, देव सिहं धामी, जनकराज बडु, रमेश सिंह सामन्त	बासको कुचो बनाउने मेसिन, बास क्रसकट मेसिन, बास स्लाइसर मेसिन, म्यानुअल स्पलिटिङ मेसिन, आरा मेसिन, ड्रिल मेसिन, राउटर, सिकिन्जा, करेत	८८००००
लक्षित वर्ग सीप विकास र प्रविधि हस्तान्तरण	मोहिनी सुनाम मुकेश भुल, उदय परियार, रोशनी सिनाल	सेलुन चेयर, हेयर कटिङ ईलेक्ट्रिक मेसिन, सेलुन ऐना	३२९३९२

७० **ढुवानीमा शतप्रतिशत अनुदान**

परियोजना कार्यान्वयन म्यानुअल, २०८१ को दफा ७.१ मा कृषि उत्पादन सामाग्रीहरु (बीउ, ब्रेना, माछा भुरा, पशु नश्ल लगायतमा) बढीमा ५०% अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले गाई/भैसी स्रोत केन्द्र कार्यक्रममा विभिन्न लाभग्राहीहरुलाई गाई/भैसी खरिदमा ५० प्रतिशतमा अनुदान दिएकोमा खरिद गरिएको गाई/भैसीको ढुवानीबापतको रकममा शत प्रतिशत अनुदान दिएको देखियो। पालिकाले ढुवानीमा पनि कृषकको साझेदारी हुने गरी खर्च लेख्नुपर्दछ। केहि उदाहरणहरु

गो.भौ.नं।मिति	कृषक	विवरण	खर्च रकम रु.	अनुदान रकम रु.	कैफियत
२२४।०८२।३।२४	हरिसचन्द्र भट्ट	जर्सी गाईखरिद	९००००	४५०००	५०% साझेदारी
२२४।०८२।३।२४	हरिसचन्द्र भट्ट	ढुवानीबापतको रकम	१५०००	१५०००	१००% अनुदान
२२९।०८२।३।५	प्रान्जल कृषि तथा पशुपालन फर्म	होलिस्टन गाई खरिद	९००००	४५०००	५०% अनुदान
२२९।०८२।३।५	प्रान्जल कृषि तथा पशुपालन फर्म	ढुवानीबापतको रकम	१५०००	१५०००	१००% अनुदान
३०७।०८२।३।२०	श्रीचन कृषि तथा पशुपालन फर्म	भैसी खरिद	१२००००	६००००	५०% साझेदारी
३०७।०८२।३।२०	श्रीचन कृषि तथा पशुपालन फर्म	गोठ सुधार	६००००	३००००	५०% साझेदारी
३०७।०८२।३।२०	श्रीचन कृषि तथा पशुपालन फर्म	ढुवानीबापतको रकम	१५०००	१५०००	१००% अनुदान
२४४।०८२।३।२५	भगवती महिला बहुउद्धेश्यीय कृषक समुह	१४ वटा उन्नत नश्लका भैसी खरिद	१५९६०००	७९८०००	५०% साझेदारी
२४४।०८२।३।२५	भगवती महिला बहुउद्धेश्यीय कृषक समुह	भैसी ढुवानीबापत	२५००००	२५००००	१००% अनुदान

७१ **कृषि स्नातक करार**

स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि,२०८१ को दफा ९ मा कृषि स्नातक प्राविधिकको काम, कर्तव्य र जिम्मेवारी अनुसुची १ बमोजिम हुने र दफा १० मा कृषि स्नातक प्राविधिकले स्वीकृत वार्षिक कार्ययोजना अनुसार मासिक कामको प्रगति विवरण अनुसुची ६ बमोजिमको ढाँचामा प्रत्येक महिनाको २ गते पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सरकारबाट हस्तान्तरित चालु शीर्षकबाट विभिन्न गो.भौ.नंबाट कृषि स्नातक करार अन्तरगत कृषि अधिकृतलाई तलबभत्ताबापत रु.५६७९५७ खर्च लेखेकोमा मासिक कामको प्रगति विवरण संलग्न गरेको देखिएन। तसर्थ पालिकाले कार्यविधिमा व्यवस्था भएबमोजिम स्वीकृत वार्षिक कार्ययोजना अनुसार मासिक कामको प्रगति विवरण गर्नुपर्दछ ।

७२ **क्षयरोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम:**

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन मार्गदर्शन, क्षयरोग मुक्त नेपाल अभियान, २०७८ अनुसार समुदायमा क्षयरोगको जोखिम समूहहरुमा क्षयरोग खोजपड्ताल कार्यक्रममा समुदायमा रहेका जोखिम समूह र स्वास्थ्य संस्थाको पहुचबाट टाढा रहेका समूहमा घरदैलो तथा स्क्रिनिङ क्याम्पमा लक्षित समुहअन्तरगत स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेका समुदाय, स्वास्थ्य सेवा लिन नआउने क्षयरोगका जोखिम समूहका व्यक्ति रहने र कार्यान्वियन प्रक्रियामा धेरै जनसंख्या भएका गाउँबस्ती, सीमान्तकृत तथा पिछडिएको वर्ग बसोबास गरेको जनसंख्या लगायतलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ। पालिकाले समुदायमा क्षयरोगको जोखिम समूहहरुमा क्षयरोग खोजपड्ताल कार्यक्रममा समुदायमा रहेका जोखिम समूह र स्वास्थ्य संस्थाको पहुचबाट टाढा रहेका समूहमा घरदैलो तथा स्क्रिनिङ क्याम्प कार्यक्रम मिति २०८२।१।१८ मा वडा नं १, स्वास्थ्य चौकी कार्यालय, छपरीमा र मिति २०८२।१।१९ मा वडा नं ९, स्वास्थ्य चौकी कार्यालय, दत्तुमा शिविर संचालन गरी रु.८९४९० खर्च लेखेको देखियो। पालिकाले कार्यक्रमको उद्धेश्यबमोजिम स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेका समुदाय, स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेका समुदाय र सीमान्तकृत तथा पिछडिएको वर्ग बसोबास गरेको जनसंख्या भएका स्थानमा कार्यक्रम संचालन गर्नुपरेमा स्वास्थ्य चौकीहरुमा शिविर संचालन गरेको देखियो। पालिकाले मार्गदर्शनमा उल्लेख भएबमोजिम धेरै जनसंख्या भएका गाउँबस्ती, सीमान्तकृत तथा पिछडिएको वर्ग बसोबास गरेको स्थानमा शिविर संचालन गर्नुपर्दछ।

७३ **उत्तर प्रसुती स्याहार घरभेट कार्यक्रम**

आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहबाट संचालन गरिने स्वास्थ्यतर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालनसम्बन्धी मार्गदर्शनको पेज नं ७६ मा स्थानीय तहमा उत्तर प्रसुती स्याहार घरभेट कार्यक्रम शीर्षकमा गतवर्ष घरभेट गर्नका लागि आवश्यक पीएनसी घरभेटका लागि ब्याग व्यवस्था नगरेको भए सोको व्यवस्था गर्ने प्रावधान रहेको छ। पालिकाले गो.भौ.नं।मिति २१६। ०८२।२।२ ९ मा ब्याग खरिद गरी स्वास्थ्यकर्मीहरुलाई हस्तान्तरण गरी मा रु.१९५०० खर्च लेखेकोमा गतवर्ष घरभेटका लागि ब्याग व्यवस्था गरे वा नगरेको सम्बन्धमा कुनै कागजातहरु संलग्न गरेको देखिएन। पालिकाले मार्गदर्शनबमोजिम सो कार्यक्रममा गतवर्ष ब्याग खरिद नभएको सुनिश्चितता गरेरमात्र खर्च लेख्नुपर्दछ।

७४ **विभिन्न स्वास्थ्यकर्मीलाई फिल्ड भत्ता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा रित पुगे वा नपुगेको चेकजाँच गरि भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै स्थानीय तहहरुबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गत क्रियाकलाप संचालन सम्बन्धि मार्गदर्शन २०८१।८२ मा स्वास्थ्यकर्मिलाई फिल्ड भत्ता उपलब्ध गराउने सम्बन्धमा उल्लेख गरेको पाइदैन । पालिकाले संघीय सशर्त चालुतर्फबाट ८ जना स्वास्थ्थकर्मिहरुलाई मासिक रु २२५० को दरले वार्षिक रु.२१६००० र १ जनालाई मासिक रु.१८०० का दरले वार्षिक रु.२१६०० गरी कुल रु.२३७६०० फिल्ड भत्ता वापत् भुक्तानी गरेको देखियो। पालिकाले फिल्ड भत्ता भुक्तानी गरिएकोले निजहरुलाई दैनिक भ्रमण खर्चमा भुक्तानी नगरिएको जनाएको छ। पालिकाले फिल्ड भत्ता बापत भुक्तानी गरेको सम्बन्धमा फिल्ड भत्ता दिन मिल्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने

प्रमाण पेश नगरेको	२,३७,६००

७५ **ढुवानी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु सक्ने व्यवस्था छ। पालिकाले विभिन्न कार्यक्रमहरुमा सामाग्रीहरु ढुवानीबापत खर्च लेखेको देखियो। पालिकाले ऐनबमोजिम न्युनतम भाडाादर नतोकी ढुवानीखर्चबापत लेखेकोले न्युनतम भाडादर तोकेर मात्र ढुवानी खर्च लेख्नुपर्दछ।

गो.भौ.नं.।मिति	कार्यक्रम	विवरण	रकम रु.
१९८।०८२।२।१९	प्रजनन रुग्णता स्वा. सेवा	औषधी ढुवानीबापत खर्च लेखेको	१५०००
३२५।०८२।३।२३	आधारभूत तथा आकस्मिक औषधि खरिद	१३ वटा स्वास्थ्य संस्थाहरुमा औषधी ढुवानी	२५०००

७६ **जुनेटिक रोगहरु र एयमआर सम्बन्धी अभिमुखीकरण**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७७ **नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र दिगोपना तथा सुक्ष्म योजना**

आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहबाट संचालन गरिने स्वास्थ्यतर्फका सशर्त अनुदान अन्तरगतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शनको परिवार कल्याण कार्यक्रम अन्तरगत नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र दिगोपना तथा सुक्ष्म योजना अद्यावधिक र सरसफाई प्रबद्धन प्याकेजको कार्यक्रमको १ दिने समीक्षा गोष्ठी गर्ने र यसको उद्धेश्यअन्तरगत समुदायस्तरमा नियमित खोपबाट छुट भएका बालबालिकाहरुको पहिचानका लागि सुक्ष्म योजना तयार गर्ने साथै सरसफाई प्रबद्धनको समीक्षा र निरन्तरताका लागि कार्ययोजना बनाउने रहेको छ। पालिकाले गो.भौ.नं।मिति ३०६।०८२।३।२० मा सो शीर्षकमा १ दिने गोष्ठीमा समीक्षा मात्र गरी रु.७४२६० खर्च लेखेको देखियो। पालिकाले मार्गदर्शनमा व्यवस्था भएबमोजिम समुदायस्तरमा नियमित खोपबाट छुट भएका बालबालिकाहरुको पहिचानका लागि सुक्ष्म योजना तयार तथा सरसफाई प्रबद्धनको समीक्षा र निरन्तरताका लागि कार्ययोजना बनाउनुपर्दछ।

७८ **स्वास्थ्य औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा पच्चीस लाख रुपैयासम्मको औषधीजन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय तहहरुले यस वर्ष निम्नानुसारका सप्लायर्सबाट औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

गो.भौ.नं।मिति	शीर्षक	सप्लायर्स	रकम रु.	कैफियत
८१।०८१।९।१८	आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी खरिद	मानसरोवर हेल्थ प्रा.लि.	१४६६६२९	
१७८।०८२।१।२५	महामारीजन्य रोगहरुको नियन्त्रणका लगि औषधी खरिद	विभुम मेडिसिन सप्लायर्स	८८३६५३	

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७९ शिक्षा स्रोत व्यक्ति

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३ (१)मा नगरपालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टिता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षण अवधिसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको देखिएन । पालिकाले पेश गरेको स्वीकृत दरबन्दी पदपूर्तिको विवरणअनुसार पालिकाको शिक्षा शाखामा शिक्षा अधिकृत १ जना, प्राविधिक सहायक १ जनाको दरबन्दी स्वीकृत भएको र सोहीअनुसार १ जना शिक्षाअधिकृतको पदपूर्ति भई कार्यरत रहेकोमा पालिकाले निम्नानुसार विद्यालयका शिक्षकहरुलाई स्रोतव्यक्तिको रुपमा पालिकामा काजमा राखेको देखियो ।

क्र.सं.	विद्यालयको नाम	पालिकामा काजमा रहेका स्रोत शिक्षकको नाम	कैफियत
१	श्री महेन्द्र नमूना मा.वि.	मान सिहं धामी	सो विद्यालयमा मानसिहं धामीको ठाँउमा अर्को शिक्षक नियुक्त गरी पालिका आन्तरिक स्रोतबाटरु.५६७९५७तलब सुविधा भुक्तानी भएको।
२	श्री हुस्कर मा.वि.	नन्दराज भट्ट	सो विद्यालयमा नन्दराज भट्टको ठाँउमा रमिता भट्ट- मा.वि. तृतीय नियुक्त गरी पालिका आन्तरिक स्रोतबाट रु.५६७९५७तलब सुविधा भुक्तानी भएको।

कार्यबोझ बमोजिम कार्यालयमा आवश्यक भएर नगरपालिकाको विद्यालय शिक्षा सञ्चालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि बमोजिम काजमा राखेको भन्ने पालिकाको भनाई रहेको छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरेकोले कार्यालयमा दरबन्दी नभएको पदमा स्रोत व्यक्ति कार्यरत रहेको साथै कार्यालयमा काजमा शिक्षक खटाउदा सम्बन्धित विद्यालयमा सट्टा शिक्षक नियुक्त गरी तलब भत्ता भुक्तानी दिँदा पालिकालाई रु.११३५९१४।०० थप आर्थिक भार परेकोले अनियमित देखिएको रु.

अनियमित भएको	११,३५,९१४

८० प्रमाण पेश हुनुपर्ने

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदानमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तरगत संचालित सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई सोको आधारमा कक्षागत र विषयगत पाठयपुस्तकको संख्या यकिन गर्ने र विद्यालयलाई पाठ्यपुस्तक वितरणका लागि आर्थिक वर्षको तेस्रो त्रैमासिक भित्र पहिलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नया भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिनुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं।मिति २१५।०८२।१।१६ मा शैक्षिक सत्र २०८१ को IEMIS तथ्याङ्कलाई आधार मानेर हुस्कर मा.वि.लाई पाठ्यपुस्तक अनुदानतर्फ ७५% रकम र विद्यालयले पेश गरेको पाठ्यपुस्तक खरिदको बिलभरपाई आधार मानेर गो.भौ.नं।मिति ३६८। ०८२।३।२२ मा दोस्रो किस्ता गरी कुल रु. 121415 निकासा दिएको देखियो। पालिकाले ईमिस तथ्याङ्क, २०८२ अनुसार कक्षा ११ र कक्षा १२ मा शुन्य पालिकाले ईमिसमा ईन्ट्री गर्न छुटेको जनाएको छ। पालिकाले ईमिसमा प्रविष्टी नगरी कक्षा ११ र १२ का

विद्यार्थीहरुलाई कुल रु.१७८९७ निकासा भएको रकम ईमिसमा प्रविष्टी गरी खरिद पाठ्यपुस्तकहरु विद्यार्थीहरुले बुझेको भरपाई पेश हुनुपर्ने

प्रमाण पेश नगरेको	१७,८९७

८१ **शिक्षातर्फ अनुगमन तथा मूल्याङ्कन**

राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन,२०७५ तथा राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन ऐन,२०८० तथा सुदूरपश्चिम प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७८ मा अनुगमन गर्दा विभिन्न सूचकहरुको लक्ष्य र प्रगतिको बीचमा अन्तर रहे वा नरहेको तुलना गर्ने, सूचकहरुको लक्ष्य र प्रगतिबीच अन्तर भए त्यसको कारण पहिचान गर्ने, लक्ष्य हासिल गर्न कुन कुन कार्य गर्नुपर्ने हो सोको पहिचान गर्नुपर्ने आदि व्यवस्था छ । पालिकाले विभिन्न कार्यक्रमहरुमा विभिन्न पदाधिकारी तथा कर्मचारीलाई अनुगमनबापत दैनिक भ्रमण खर्च तथा गाडी रिजर्भ गरी ढुवानी बापतलेखेको देखियो। अनुगमन पदाधिकारी तथा कर्मचारीहरुले अनुगमन प्रतिवेदन पेश गरेको देखिएतापनि विभिन्न सूचकहरुको लक्ष्य र प्रगतिको बीचमा अन्तर रहे वा नरहेको, अन्तर भएमा त्यसको कारण पहिचान लगायत अन्य व्योहोराहरु समावेश गरेको देखिएन। पालिकाले कानून बमोजिमको अनुगमनका विषयहरु समावेश गरेको अनुगमन प्रतिवेदन पेश भएपछि अनुगमन भत्ता भुक्तानी गर्ने तथा अनुगमन खर्च मितव्ययी कायम गर्नुपर्दछ ।

गो.भौ.नं। मिति	**कार्यक्रम**	**जना**	**अवधि**	**दैनिक भ्रमण भत्ताको रकम रु.**	**ढुवानीबापतको खर्च लेखेको रु.**
८३।०८१। ९।१८	ईमिस तथ्याङ्कन सत्यापनका लागि विद्यालयहरुमा अनुगमनबापत दैनिक भ्रमण खर्च	४	०८१।८। २४-८।२९	२९०८४	आवतजावतका लागि जिप रिजर्भबापत रु.१०००० भुक्तानी
९६।०८१। १०।७	ईमिस तथ्याङ्कन सत्यापनका लागि विद्यालयहरुमा अनुगमनबापत दैनिक भ्रमण खर्च	४	०८१।९। २१-९।२६	२९०८४	आवतजावतका लागि जिप रिजर्भबापत रु.१५००० भुक्तानी

८२ **पाठ्यपुस्तक अनुदान**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **९३,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

८३ **दिवा खाजा अनुगमन तथा मूल्याङ्कन**

सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ को कार्यक्रम अनुगमन तथा मूल्याङ्कनमा स्थानीय तहले निर्धारित मापदण्ड, गुणस्तर तथा परिमाणअनुसार विद्यालयमा खाद्यसामाग्री/खाजा आपूर्ति भए वा नभएको, खाजा कार्यक्रमले विद्यालयहरुमा विद्यार्थी भर्ना, नियमितता, निरन्तरता र सिकाई स्तरमा सुधार भए वा नभएको, स्थानीय कृषि उपजमा आधारित खाद्य सामाग्रीबाट दिवा खाजा तयारी तथा उपलब्ध भए वा नभएको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सशर्त चालु गो.भौ.नं।मिति २७३।०८२।३।१४ मार्फत दिवा खाजाको खाद्यान्न ढुवानीबापत मानिसद्धारा ढुवानी प्रति के.जी. प्रतिकोष रु.५.५ का दरले ४२ विद्यालयहरुलाई ३४८९४ के.जी. खाद्यान्न कम्तीमा ०.३ कि.मि. मानिसद्धारा ढुवानी देखि बढीमा २० कि.मि. को ढुवानी खर्च बापत रु.४४७९२९उर् निकासा गरेको देखियो। पालिकाले दिवाखाजाको खाद्यान्न ढुवानीबापतको रकम निकासा गरेकोमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ बमोजिम स्थानीय तहले विद्यालयमा दिवा खाजा निर्धारित मापदण्ड तथा गुणस्तर अनुसार भए वा नभएको सम्बन्धमा! यकिन गरेको छैन । पालिकाले मापदण्डमा व्यवस्था भएबमोजिम निर्धारित मापदण्ड, गुणस्तर तथा परिमाणअनुसार विद्यालयमा खाद्यसामाग्री/खाजा आपूर्ति भए वा नभएको, खाजा कार्यक्रमले विद्यालयहरुमा विद्यार्थी भर्ना, नियमितता, निरन्तरता र सिकाई स्तरमा सुधार भए वा नभएको, स्थानीय कृषि उपजमा आधारित खाद्य सामाग्रीबाट दिवा खाजा तयारी तथा उपलब्ध भए वा नभएको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।

८४ प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारी

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. १.१.४.१ मा विद्यालय सहयोगीको लागि प्रति विद्यालय १ जनाको लागि ८ हजारको दरले १३ महिनाको र माध्यमिक विद्यालयलाई १ जना विद्यालय कर्मचारीको लागि रू.१३५०० को दरले पारिश्रमिक निकासा दिने व्यवस्था छ। प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शन पुस्तिका, २०६७ को बुँदा २ मा पूर्व प्राथमिक कक्षामा भर्ना भएका विद्यार्थी संख्या २५ जनासम्म भएमा १ जना तालिम प्राप्त बालविकास सहजकर्ता राख्न पाउने उल्लेख छ । त्यस्तै सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा ८ (४) मा गाभिन जाने विद्यालयमा कार्यरत बालविकास सहजकर्ता र विद्यालय कर्मचारी गाभिएर जाने विद्यालयमा सरुवा गरिने तर गाभिएर जाने विद्यालयमा बालविकास सहजकर्ता र विद्यालय कर्मचारी आवश्यक नभएमा स्वतः हटाईने भन्ने व्यवस्था छ। पालिकाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ७४, पत्र संख्या २०७८।७९, मिति २०७८।६।१९ को पत्रले बालविकास सहजकर्ता र विद्यालय सहयोगीको उमेर हद ६० वर्ष कायम गर्ने परिपत्र भएकोमा पुन: शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. 221, पत्र संख्या २०७८।७९, मिति २०७८।११।१६ को पत्रले उमेरहदसम्बन्धी परिपत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनि सम्मानित सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएको आधारमा कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भएभन्दा बढी संख्यामा बालविकास सहजकर्ता तथा विद्यालय सहयोगीको तलबभत्ता विद्यालयको खातामा निकासा दिएको देखियो। पालिकाले बाल विकास केन्द्रमा अध्ययनरत विद्यार्थीको संख्याको आधारमा पनि सहजकर्तालाई निरन्तरता दिएको जनाएको छ। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भएभन्दा बढी संख्यामा बालविकास सहजकर्ता तथा विद्यालय सहयोगीको तलबभत्ता विद्यालयको खातामा निकासा दिएको नियमसम्मत नदेखिएको रु.

विद्यालयकोनाम	कर्मचारीकोप्रकार	कार्यरतसंख्या	बढीसंख्या	तलबनिकासादररु.	जम्मा(चाडपर्वरपोशाकखर्चसमेत)रु.	यसवर्ष बा.वि.के.मा अध्ययनरत विद्यार्थी संख्या	कैफियत
मालिकार्जुन मा.वि.	बालविकाससहजकर्ता	२	०	०	०	३६	विद्यार्थी संख्या अनुसार बा.वि.स. संख्या अनुपात मिलेको छ।
महेन्द्र नमूना मा.वि.	बालविकाससहजकर्ता	५	०	०	०	१०३	विद्यार्थी संख्या अनुसार बा.वि.स. संख्या अनुपात मिलेको छ।
जगन्नाथ आ.वि., गल्फै	बालविकाससहजकर्ता	2	0	0	0	59	विद्यार्थी संख्या अनुसार बा.वि.स. संख्या अनुपात मिलेको छ।
राष्ट्रिय मा.वि., दत्तु	बालविकाससहजकर्ता	२	१	१००००	१४००००	२१	-
राष्ट्रिय मा.वि., दत्तु	विद्यालय सहयोगी	४	३	८०००	३४२०००	-	-
मालिकार्जुन मा.वि., धाप	विद्यालय सहयोगी	२	१	८०००	११४०००	-	-
महेन्द्र मा.वि., खलंगा	विद्यालय सहयोगी	२	१	८०००	११४०००	-	-
				जम्मा	७१००००		

अनियमित भएको	७,१०,०००

८५ फरक संस्थाद्धारा कार्यक्रम संचालन

सार्वजनिक खरिद नियमवली २०६४ को नियम ११ मा परामर्श सेवाको लागत अनुमान बनाउदा लिनुपर्ने आधारहरुको व्यवस्था गरेको छ । साथै सार्वजनिक निकायले आफ्नो जनशक्तिले गर्न नसक्ने भएमा मात्र परामर्श सेवा लिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नबमोजिमको परामर्श सेवामा लागत अनुमानको आधार तय नगरी परामर्श सेवा खरिद गरेको पाइयो ।पालिकामा २५९ जनशक्ती रहेकोमा अन्य संस्थालाई तालिम संचालन गर्न दिएको उपयुक्त देखिएन । साथै उक्त संस्था तालिम प्रदायक संस्था भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन । तसर्थ कार्यालयले आगामि दिनमा यस तर्फ सुधार गर्नुपर्ने देखिन्छ ।

गो भौ नं मिति	कार्यक्रमको नाम	संस्थाको नाम	रकम
२९२-०८१।९।१९	सार्वजनिक सुनुवाई	दार्चुला विकास संगठन	४४३३९५
२९१-०८१।९।२८	महिला वालबालिका तथा आदिबासि जनजाति अभिमुखिकरण कार्यक्रम	एकपाइलो मिडिया प्रा लि	
५९२-०८२।२।२०	महिला वालबालिका तथा आदिबासि जनजाति अभिमुखिकरण कार्यक्रम	एकपाइलो मिडिया प्रा लि	४९९१४९
५९३-०८२।२।२०	लागु औषध तथा दुब्यशन न्युनिकरण कार्यक्रम	एकपाइलो मिडिया प्रा लि	२९९८००
६१२-०८२।२।२३	नारी दिजस	असिगडा कृषि समुह	११७२०
६८३-०८२।३।९	विवाद समाधान सम्बन्धी मेलमिलाप पुर्नताजगि तालिम	एकपाइलो मिडिया प्रा लि	२९९४००
६८३-०८२।३।९	मनोसमाजिक परामर्श सेवा	एकपाइलो मिडिया प्रा लि	२९८४००
८०९-०८२।३।२४	न्यायीक सम्बन्धी अधिमुखिकरण तालिम	दार्चुला विकास संगठन	१९८९९९

८६ **आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश नभएको**

नेपाल सरकारको शिक्षा मन्त्रालयद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.१० को बुदा ५.४ मा आधारभुत तह संचालित विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतमा वार्षिक रुपमा एकमुष्ट रु.१०००० तथा माध्यमिक तह संचालित विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतमा वार्षिक रुपमा एकमुष्ट रु.१५००० उपलब्ध गराउने व्यवस्था छ। पालिकाले यस वर्ष ४२ सामुदायिक विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षणका लागि रु.४६५००० निकासा गरेको देखियो। पालिकाले लेखापरीक्षणका क्रममा विद्यालयहरुले आर्थिक वर्ष २०८१। ८२ को आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको नदेखिएकोले लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु.४६५०००

क्रम	कर्मचारीको नाम	असुली रकम
८६.१	अल्कापूरी मा.वि.	१५,०००
८६.२	असिगडा आ.वि.	१०,०००
८६.३	उल्लेनी आ.वि.	१०,०००
८६.४	गडीभवन मा.वि., थाप्ला	१५,०००
८६.५	छन्ना तिकरी कन्या मा.वि., खलंगा	१५,०००
८६.६	जगन्नाथ आ.वि.	१०,०००
८६.७	जगन्नाथ आ.वि., गल्फै	१०,०००
८६.८	ज्योति आ.वि.	१०,०००
८६.९	टोपीनाथ आ.वि.	१०,०००
८६.१०	टोपीनाथ आ.वि., दह	१०,०००
८६.११	दशरथनगर आ.वि.	१०,०००
८६.१२	दुर्गालाटिनाथ मा.वि., मैखोलि	१५,०००
८६.१३	दुर्गेश्वरी आ.वि., थाम	१०,०००
८६.१४	नवयुवक आ.वि.	१०,०००
८६.१५	बहम मैकाश्वरी आ.वि., पण्डोरा	१०,०००
८६.१६	बाझ आ.वि.	१०,०००
८६.१७	भगवती आ.वि.	१०,०००
८६.१८	भगवती आ.वि., चेटेगाडा	१०,०००
८६.१९	भगवती आ.वि., मसिनि	१०,०००
८६.२०	भवानी आ.वि., कोटधार	१०,०००
८६.२१	भुमिराज आ.वि., मलेरा	१०,०००
८६.२२	भुमीराज आ.वि.	१०,०००
८६.२३	भुवनेश्वरी आ.वि.	१०,०००
८६.२४	महेन्द्र मा.वि., खलंगा	१५,०००
८६.२५	मालिकार्जुन आ.वि., कोलुधार	१०,०००
८६.२६	मालिकार्जुन आ.वि., झुस्कु	१०,०००
८६.२७	मालिकार्जुन आ.वि., पलेटा	१०,०००
८६.२८	मालिकार्जुन आ.वि., पौनेखोला	१०,०००
८६.२९	मालिकार्जुन आ.वि., सकार	१०,०००
८६.३०	मालिकार्जुन मा.वि., धाप	१५,०००

८६.३१	मालिकार्जुन मा.वि., निसिल	१५,०००
८६.३२	राष्ट्रिय मा.वि.	१५,०००
८६.३३	लटिनाथ आ.वि., थलगा	१०,०००
८६.३४	समैची आ.वि., मानाकोट	१०,०००
८६.३५	सरस्वती आ.वि.	१०,०००
८६.३६	सरस्वती आ.वि., मुल्ला	१०,०००
८६.३७	हिमालय मा.वि., धौकोट	१५,०००
८६.३८	हुनैनाथ मा.वि., बाझ	१५,०००
८६.३९	हुस्कर मा.वि., काटै	१५,०००

प्रमाण पेश नगरेको	४,४५,०००

८७ **रियल प्लान**

कार्यक्रम कार्यन्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नम्बर २.३.१४ मा कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (Recovery and Accelerated Learning -ReAL) Plan) स्वीकृत भएको छ। यस योजनाको कार्यान्वयनका लागि निदानात्मक परीक्षण साधन (Dignostic Tools), शिक्षक तालिम सामग्री, कार्यक्रम कार्यान्वयन सहजीकरण कार्यविधि स्वीकत भएको तथा Online Media platform विकास गरी शिक्षा तथा मानव स्रोत विका केन्द्रको वेबसाइटमा राखीएको छ। उक्त समग्रीको कार्यान्वयनका लागि तपसिलअनसारको कार्यप्रक्रिया अवलम्बन गरी कार्यक्रम सञ्चालन गर्ने र साथै उक्त कार्यक्रम संचालनमा गैरसरकारी संस्था संग साझेदार गर्न सकिने व्यवस्था उल्लेख छ । यस सम्बन्धमा पालिकाले रु १९९८००० खर्च गरेको देखिएका व्यहोराहरु निम्न बमोजिम छन् ।

८७.१ पालिका उक्त कार्यक्रम संचालनको लागि १४ जना शिक्षकको ९ महिनाको रु १०००० को दरले रु १२६००००, सहयोगि कर्मचारी ३ जनाको ९ महिनाको रु ८००० को दरले रु २१६०००० र कार्यालय संचालनको लागि रु २८२०००० राखि लागत अनुमान तयार गरेकोमा लागत अनुमानको आधार तय नगरी लागत अनुमान तयार गरेकोले सो बारे एकिन गर्न सकिएन । साथै कार्याक्रम संचालनको लागि दार्चुला विकास संगठनले २० प्रतिशत लागत साझेदार गर्ने गरि सम्झौता भएको पाईयो । लागत शंशोधन नगरि कार्यपालिकाको निर्णयबाट थप गरी १२ महिना पुर्याई रु १९९८००० भुक्तानी गरेकोमा विद्यालय संग कुनै समन्वय र कार्यक्रम संचालन पाश्चत पालिकाले कुनै अनुगमन नगरेकोले कार्यक्रमको प्रभावकारीता वारे एकिन गर्न सकिएन ।

८७.२ उक्त संस्थाले १२ महिना पढाएको भनि शिक्षक कर्मचारीलाई बैङ्क मार्फत तलब भुक्तानी गरेको भए तापनि शिक्षकहरुको शैक्षिक योग्यता खुल्ने कागजात नराखेको र विद्यार्थिको हाजिरी विवरण संलग्न नदेखिएकोले कार्यक्रमको औचित्यतता बारे पुष्टि गर्न सकिएन ।

८७.३ पालिकाले आफ्नै विद्यालयका शिक्षकहरुबाट संचालन नगरी संस्थावाट संचालन गर्दा कार्यक्रम संयोजक सहयोगि र कार्यालय संचालनमा रु ३१८००० थप व्ययभार परेको देखिन्छ । तसर्थ पालिकाले यस्ता कार्यक्रम संचालन गर्दा मितव्ययिता र प्रभावकारिता ध्यानमा राखि संचालन गर्नुपर्ने देखिन्छ ।

८८ **बेसहरा कार्यक्रम**

पालिकाले बेसहारा आमाबुवाको सहारा तथा टुहुरा बालबालिकाको अभिभावक नगर प्रमुख कार्यक्रम संचालन कार्यविधि, २०७८ अनुसार ६० वर्ष नाघेका सहारा नभएका बेसहारा आमाबुबाहरू १८० जनालाई चामल दाल तेल नुन लगायतका खाद्यान्नहरू बितरण विभिन्न भौचरबाट रु ४३२०००० नगदमा भुक्तानी गरेको र गो भौ नं २३६-०८१।८।२० बाट रु ३८८००० खाद्यन्न खरिद गरी जम्मा रु ४७०८००० -भुक्तानी गरेको सन्दर्भमा देखिएका व्यहोराहरू देहाय अनुसार छन् ।

८८.१ बेसहारा आमाबुबाहरालई खाद्यान्न वितरण कार्यकम पूर्वनिर्धारित भएतापनि पालिकाले खरिद योजना बनाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ को प्रक्रिया अनुसार लागत अनुमान तयार गर्ने र बोलपत्र आव्हानको माध्यमद्वारा प्रतिस्पर्धात्मक

रुपमा खरिद नगरी स्थानीय पसलहरूबाट सोझै खरिद गरेको पाइयो। यसरी कानूनद्वारा निर्धारित प्रक्रियाको पालना गरेको नदेखिएकोले खर्च मितव्ययी तथा पारदर्शी छ भनी आश्वस्त हुन सकिएन। कानुनको पालना गर्ने तर्फ पालिकाले ध्यान दिई खरिद प्रकृया प्रभावकारी बनाउनु पर्ने र सम्बन्धी लाभग्राहिको खातामा भुक्तानी दिने व्यवस्था व्यवस्था गर्नुपर्दछ।

८८.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ३ को बुँदा ९ (४) मा दोहोरो सुविधा लिएको जानकारी हुन आएमा नियमानुसारको सजाय हुने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा १८० जना वेसहारा आमाबुवालाई खाद्यान्न वितरण गरेको भन्ने विवरण पेश गरेकोमा सो मध्ये सामाजिक सुरक्षा भत्ता समेत प्राप्त गर्ने व्यक्तिको अभिलेख राखेको छैन । लेखापरीक्षणको क्रममा कार्यालयले पेश गरेको विवरण अनुसार परीक्षण गर्दा वेसहारा खाद्यान्न अनुदान प्राप्त गरी रहेका १८० जना मध्ये जना १५० जना दोहोरो रहेको र निजको उमेर ७० वर्ष उमेर कटेको देखिन्छ । यसरी एकै व्यक्तिलाई दोहोरो हुनेगरी भुक्तानी गर्दा रु ३६००००० थप व्ययभार परेको पाइयो ।तसर्थ कार्यालयले दोहोरो नहुने सुनिश्चतता गरी कार्यक्रम संचालन र सुधार गर्नुपर्ने देखिन्छ ।

८९ विविध खरिद

स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता प्रभावकारी मितव्यीतता कार्यदक्षता र औचित्यका आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।साथै पालिकाले निम्नबमोजिमका भौचरबाट झोला व्यानर रेनकोट र खादा खरिदमा औचित्यतता र आवश्यकतालाई ध्यानमा नराखी खरिद गरेको पाइएकोले कार्यालयले आगामि दिनमा आवश्यकता र औचित्यततालाई ध्यान दिन खरिद गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा देखिएका केही उदाहरणहरु

गो भौ नं मिति	**खरिद विवरण**	**रकम**	**कैफियत**
विभिन्न भौचर	झोला खरिद	४२४०००	१६५ पिस
विभिन्न भौचर	व्यानर खरिद	१२३५००	८० थान छपाई
विभिन्न भौचर	चियर कुशन	१७७०००	२९० थान
विभिन्न भौचर	रेनकोट	६००००	२० थान
५३४-०८२।१।६	बलाङकेट	३००००	२० पिस
जम्मा रु		8105००	

९० सामग्रि वितरण

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकमको खर्च लेख्दा विल भरपाई सहित श्रेष्ता राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नबमोजिमका भौचरहरुबाट विभिन्न सामग्रि खरिद गरेकोमा वितरणको भरपाई संलग्न नदेखिएकोले वितरणको भर्पाइ पेश हुनुपर्ने रु

गो भौ नं मिति	कार्यक्रमको नाम	विवरण	रकम	कैफियत
५९२-०८२।२।२०	वालबालिका लक्षीत उपप्रमुख कार्यक्रम	स्टेशनरी खरिद	८८१५०	कपि ६४५ थान,कपि ६४५ थान र पेन २१५ थान
६८१-०८२।३।९	विपद व्यवस्थापन	विपद समाग्रि खरिद	११२७७५	५० मध्ये २३ थान वितरण,रेनकोट१० पिस र सेफ्टि गम बुट २०
८१६-०८२।३।२४	विपद व्यवस्थापन	विपद समाग्रि खरिद	९९४८०	२० थान त्रिपाल १० रेनकोट
६२-०८२।३।१६	योग कार्यक्रम विद्यालयस्तर	विभिन्न	८८७०५	५० थान योग म्याट,२ रोल म्याट्रेस १ रोल म्याट
८६-०८२।३।२५	खेलकुद समाग्री	विभिन्न	४३८९०	भलिवल १० पिस,नेट ६ पम्प ६ थान
जम्मा रु			४,३३,०००	

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **३३८,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	४,३३,०००

९१ **फर्निचर खरिद**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्नेछ।कार्यालयले गो भौ नं २६०-०८१।९।०७ बाट शिखर फर्निचर एण्ड आल्मुनियमबाट रु ९९१५७ कुर्सि लगायतका फर्निचर समाग्री खरिद गरेकोमा पम्मसमा जिन्सी दाखिला नदेखिएकोले जिन्सी दाखिलाको प्रमाण पेश हुनुपर्ने

प्रमाण पेश नगरेको	९९,१५७

९२ **जस्तापाता खरिद**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्दा रित पुगे वा नपुगेको भनि चेकजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ६५८-०८२।३।१ बाट ११७५ फिट रु १५० को दरले रु १७६२५०जस्तापाता खरिद गरी विभिन्न व्यक्तिलाई वितरण गरेकोमा प्राविधक नाप जाँचसहित जडान भएको पेश नभएकोले प्राविधिक नापँजाँच सहितको प्रमाण पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	१,७६,२५०

९३ **बोर्डिङ्ग पास**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-२०** को निर्णयले रू **१५,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९४ **सामाजिक सुरक्षा कार्यक्रम**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ। पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष रू. ८,१४,०३,५८७ खर्च देखाई आर्थिक विवरण पेश गरेको छ। पालिकाले सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बैंक मार्फत वितरण गर्ने गरेको पाइयो। यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन् ।

९४.१ एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीः कार्यविधिको दफा २६ (३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ ।

९४.२ **लगत कट्टा** - कार्यविधिको दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्दछ। यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ। साथै सामाजिक सुरक्षा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको मूल अभिलेख (VERSPMIS) प्रणालीमा समेत अद्यावधिक गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा आ.व. २०८१।८२ मा लगत कट्टाको विवरण माग भएकोमा लगत कट्टाको स्पष्ट अभिलेख प्राप्त नभएकोले लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए वा नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छ/छैन भनि यकिन गर्न सकिएन। प्रणालीबाट देखिएका लगत कट्टाको विवरण ईएफटीसंग भिडान गर्दा निम्न लाभग्राहीको खातामा लगतकट्टा मिति पछि पनि रकम जम्मा भएको देखिएको छ। पालिकाले लाभग्राहीको खातामा रु.८,१४,०३,५८७ दाखिला गरेकोमा लगत कट्टा भएका लाभग्राहीहरुको फिर्ता गर्नुपर्ने रकम रु.७८११३ देखिएकोले विभिन्न गो.भौ. बाट रु.७३९८० दाखिला फिर्ता भएकोमा रु.४१३३ फिर्ता गर्न बाकी देखियो। पालिकाले ३५ दिनभित्रै घटना दर्ता गराउन जोड दिदै समयमै लगत कट्टा गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	४,१३३

९४.३ **अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

९४.४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ। सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन। साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ। पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन।

९४.५ **पारदर्शिता र जवाफदेहिता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा

सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेमा सोको पालना गरेको पाइएन र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्नेमा सो विवरण वेभसाइटमा राखेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढंगबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ ।

९५ **क्याम्पसलाइ अनुदान**

स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता प्रभावकारी मितव्यीतता कार्यदक्षता र औचित्यका आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । साथै दफा ११ मा स्थानिय तहको कार्यक्षेत्र अधिकार सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले गो भौ नं ७४३-०८२।३।१३। बाट राष्ट्रिय क्याम्पसलाई रु २००००० भुक्तानी दिएको देखिएकोले आफ्नो अधिकार क्षेत्रलाई ध्यानमा राखि खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

९६ **राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यवक्ता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको स समेत उल्लेख गरेको छ।पालिकाले यस वर्ष विभिन्न खेलकुद कार्यक्रमको सञ्चालन तथा सहभागिता जनाएर रु. १९२२६९१ हजार खर्च गरेको छ। खेलकुद कार्यक्रममा खर्च भएको रकममा सामग्री खरिद, खाजा खाना लगायतका खर्चना नियन्त्रण गर्न सकिनेमा उस काम गरेको देखिएन। कार्यक्रममा खरिद गरिएको विभिन्न खेलकुद सामाग्रीहरुको जिन्सी दाखिला र वितरणको भरपाई नभएको तथा कार्यक्रम पश्चात कार्यालयमा समेत दाखिला भएको देखिदैन। वडास्तरमा समेत सोहि प्रकृतिका खेलकुद कार्यक्रमहरु सञ्चालन भएकोमा खेलकुद सामाग्रीको खरिदमा मितव्ययितता र पुन प्रयोगको लागि व्यवस्थापन गरेको छैन। पालिकाको आन्तरिक आय ९२ लाख मात्र रहेकोमा खेलकुद कार्यक्रनना मात्र आन्तरिक आयको २०.६५ प्रतिशत खर्च गरेको छ। कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली मार्फत खर्चना मितव्ययितता कायम गरी यस प्रकार कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ। नमुना छनौटको आधारमा गरिएको लेखापरीक्षणमा पालिकाले यसवर्ष राष्ट्रपति रनिङ्ग शिल्डमा गरेको खर्च यस प्रकार छ ।

गो भौ नं मिति	**विवरण**	**रकम**
१९-११।१३ र ०२८।२०८१।११।११	विभिन्न समाग्रि खरिद	५०००
	औषधि खरिद	१९८९०
	जर्सी ट्याक खरिद	३६१२९४
	विविध खर्च (खाजा खाना)	७३६११७
	दैनिक भ्रमण खर्च	९६७५०
नगरपालिकास्तरीय	ज्याला	२०३९००
	सहभागि विद्यार्थि	३१९७४०
	९ वटा मा वि विद्यालययलाई रु २०००० को दरले	१८००००
जम्मा रु		१९२२६९१

९७ **अस्पताल खर्च**

स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता प्रभावकारी मितव्यीतता कार्यदक्षता र औचित्यका आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । साथै दफा ११ मा स्थानिय तहको कार्यक्षेत्र अधिकार क्षेत्र सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले प्रदेश सरकार मतहत रहेको अस्पतालका कर्मचारी तलब भत्ता भुक्तानी पालिकाबाट लेखेको पाइएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु

कर्मचारीको नाम	पद	मासिक रकम	वार्षिक रकम
विक्रम सिंह महरा	फार्मसि	२००००	२४००००
करन सिंह धामी	ल्याब असिसटेन्ट	१८५००	२२२०००
दिपिका धामी	कार्यालय सहयोगि	१७५००	२१००००
सुनिल सुनार	मालि	११०००	१३२०००
नारा देवि चुनारा	स्वीपर	११०००	१३२०००
कुष्मा देवि ओखेडा	स्वीपर	११०००	१३२०००
ललिता लोहार	स्वीपर	११०००	१३२०००
जम्मा रकम रु			१२००००००

अनियमित भएको	१२,००,०००

९८ **दोहोरो भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९९ **बैठक भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-१०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०० अनुदान फिर्ता

समपुरक कार्यविधि २०७९ को बुदा १२ मा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रममा स्थानियको तह लागत साझेदरीमा कार्यक्रम स्वीकृत गर्नुपर्ने व्यवस्था उल्लेख छ । साथै समपुरक अनुदानमा ५० प्रतिशत प्रतिशत लागत साझेदार हुने व्यवस्था उल्लेख भएकोमा पालिकाले श्रीबगर मलेरा सडक खण्ड निर्माण गरि जगदम्बा निर्माण सेवा संग सम्झौता गरेकोमा विल रकम रु ४६८११५४ रहेकोमा स्थानिय तहले रु २३४०५७७ र संघिय सरकारबाट रु २३४०५७७ खर्च लेखि भुक्तानी दिनुपर्नेमा पालिकाले आफ्नो खर्च रु १७७४७२७ र संघिय सरकारको खर्च रु २७०६७२७ खर्च लेखेको पाइएकोले संघिय सरकारको बढी खर्च रु ३६६१५० संघिय संचित कोष फिर्ता गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३,६६,१५०

१०१ अस्थायि करार

नेपाल सरकार अर्थ मन्त्रालयको पत्र सङ्ख्या २६५-०३।०७८।७९ को पत्रानुसार करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने व्योहोरा उल्लेख छ । साथै सामान्य प्रशासन मन्त्रालयको चलानी नम्बर २१७ पत्र सङ्ख्या १८-०७३।७४ मा करार कर्मचारीलाई उपलब्ध गराइने सेवा सुविधा सम्बन्धी उल्लेख छ । पालिकाले साविकको जिल्ला विकास समितिको कार्यलयमा कार्यरत करार कर्मचारीलाई स्थानिय भत्ता र मंहगि भत्ता उपलब्ध गराएको पाइएकोले अस्थायी करार कर्मचारीले मंहगि र स्थानिय भत्ता उपलब्ध गराउने कानुनि प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

कर्मचारीको नाम	मंहगि भत्ता	स्थानिय भत्ता	ग्रेड रकम	वार्षिक भुक्तानी रकम
युवराज जोशी	२०००	११२५०		१५९०००
धिरेन्द्र मतवाल	२०००	४५००	२ ग्रेडसंङ्ख्या रु१०९७ को दर वार्षिक रु २६३२८	१०४३२८
संजिव अवस्थी	२०००	७३५०		११२२००
सुरेन्द्र बुढाथोकी	२०००	४५००		७८०००
करन सिंह धामी	२०००	७३५०		११२२००
टिक्न्द्र प्रसाद अवस्थी	२०००	७३५०		११२२००
हरी सिंह धामी	२०००	४५००		७८०००
जम्मा रु				७५५९२८।००

प्रमाण पेश नगरेको	७,५५,९२८

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : महाकाली नगरपालिका, दार्चुला , महाकाली नगरपालिका , दार्चुला

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	इश्वरी ठगुन्ना	२०८१-१०-२१	हाल सम्म कार्यरत
लेखा प्रमुख	गोकर्ण बहादुर पाल	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,९१३,९४८	३,८१६,१९४	३,७८९,७२८	०	०	१,८३४,७००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	११,३५४,५७०
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१,४५३,३८७
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	९,९०१,१८३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१९२८३१२४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४०९०२६७६६	चालु खर्च	४२५९७४१४०
प्रदेश सरकारबाट अनुदान	३५२३३१९१	पूँजीगत खर्च	६८४४८८५४
राजश्व बाँडफाँट	८१८३४८३८	वित्तीय/अन्य व्यवस्था	१३२२८७८७७
आन्तरिक आय	९२५९२८५.०		
अन्य आय	९४४२२२१२		
कुल आय	६२९७७६२९२.०	कुल खर्च	६२६७१०८७१
बाँकी मौज्दात		२२३४८५४५	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

/आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	८,८०,७०,६४५.८५	८,८०,७०,६४५.८५	७,७९,१२,३५८.६२	७,७९,१२,३५८.६२
१३०००	अनुदान	४०,४३,०३,८१८.५०	४०,४३,०३,८१८.५०	४१,०९,१८,३५६.१३	४१,०९,१८,३५६.१३
१४०००	अन्य राजस्व	५१,१६,५१३.९६	५१,१६,५१३.९६	५७,५१,५८६.६१	५७,५१,५८६.६१
१५०००	विविध प्राप्ति	०	०	८४,०००.००	८४,०००.००
क	**कुल जम्मा प्राप्ति**	४९,७४,९०,९७८.३१	४९,७४,९०,९७८.३१	४९,४६,६६,३०१.३६	४९,४६,६६,३०१.३६
३	चालु	४२,५९,७४,१४०.८६	४२,५९,७४,१४०.८६	४२,८२,१९,४५२.१३	४२,८२,१९,४५२.१३
२१०००	पारिश्रमिक / सुविधा	२२,२०,३१,३०५.८१	२२,२०,३१,३०५.८१	२३,७४,५६,९९२.६३	२३,७४,५६,९९२.६३
२२०००	मालसामान तथा सेवाको उपयोग	१९,८०,०३,११२.०५	१९,८०,०३,११२.०५	१७,७१,२८,२८२.५०	१७,७१,२८,२८२.५०
२४०००	ब्याज, सेवा शुल्क तथा बैंक कमिशन	२,८०,५५२.००	२,८०,५५२.००	६,५१,१५३.००	६,५१,१५३.००
२५०००	सहायता (Subsidy)	०	०	३५,०००.००	३५,०००.००
२७०००	सामाजिक सुरक्षा	२०,८६,५६९.००	२०,८६,५६९.००	८९,५१,३१४.००	८९,५१,३१४.००
२८०००	अन्य खर्च	३५,७२,६०२.००	३५,७२,६०२.००	३९,९६,७१०.००	३९,९६,७१०.००
४	पूंजीगत	६,८४,४८,८५४.००	६,८४,४८,८५४.००	८,५४,०१,९९९.००	८,५४,०१,९९९.००
३१११०	भवन तथा संरचना	१,१७,४३,२३५.००	१,१७,४३,२३५.००	७७,४२,१५३.००	७७,४२,१५३.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	५१,८५,४९९.००	५१,८५,४९९.००	८३,७२,३४९.००	८३,७२,३४९.००
३११३०	अन्य पूँजीगत खर्च	९,९५,०९८.००	९,९५,०९८.००	०	०
३११५०	सार्वजनिक निर्माण	४,९७,०८,८२८.००	४,९७,०८,८२८.००	६,८५,५०,६२३.००	६,८५,५०,६२३.००
३११७०	पूँजीगत सुधार खर्च	८,१६,१९४.००	८,१६,१९४.००	७,३६,८७४.००	७,३६,८७४.००
ख)	**कुल जम्मा भुक्तानी**	४९,४४,२२,९९४.८६	४९,४४,२२,९९४.८६	५१,३६,२१,४५१.१३	५१,३६,२१,४५१.१३
ग)	**बचत /कमी (ग = क-ख)**	३०,६७,९८३.४५	३०,६७,९८३.४५	-१,८९,५५,१४९.७७	-१,८९,५५,१४९.७७
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	-२,५६२.१७	-२,५६२.१७	-७,९२,२५४.७०	-७,९२,२५४.७०
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**				
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ =**	३०,६५,४२१.२८	३०,६५,४२१.२८	-१,९७,४७,४०४.४७	-१,९७,४७,४०४.४७

	ग+घ)				
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	१,९२,८३,१२४.१३	१,९२,८३,१२४.१३	३,९०,३०,५२८.६०	३,९०,३०,५२८.६०
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**				
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	२,२३,४८,५४५.४१	२,२३,४८,५४५.४१	१,९२,८३,१२४.१३	१,९२,८३,१२४.१३

बेरूजु दफा ५५ सँग सम्बन्धित विवरण - अनुसूची -४

गो भौ नं मिति	पार्टीको नाम	विवरण	मर्मत सवारी साधान	रकम	कैफियत
५१-०८१।६।१६	सराफल अटो मोवाइल्स	सवारी साधान मर्मत		२८७९८०	
१०२-०८१।६।१०	सराफल अटो मोवाइल्स	सवारी साधान मर्मत	गाडी नम्बर ५२५२	४७३९९७	
१०९-०८१।०७।०७	सिप्रदी ट्रेडिङ्ग प्रा लि	सवारी साधान मर्मत	से १ ज २३४	२०१५३७	
११६-०८१।७।७	सराफल अटो मोवाइल्स	सवारी साधान मर्मत	गाडी नम्बर ५२५२	१२४३००	
२६५-०८१।९।७	हिमशिखर ट्रेडर्स	टायर खरिद	विभिन्न	२४८०००	८ थान टायर खरिद
२९६-०८१।९।१९	श्रीराम ट्रेडिङ्ग	व्याट्रि खरिद		८९८३५	३ थान व्याट्रि खरिद
३५९-०८१।१०।८	हिमशिखर ट्रेडर्स	टायर खरिद		१८६०००	४ थान टायर खरिद
७६५-०८२।३।१९	हिमशिखर ट्रेडर्स	टायर खरिद		११६१६४	८ थान टायर खरिद